महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

बटेश्वर गाउँपालिका

धनुषा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९

बटेश्वर गाउँपालिका

धनुषा



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

बटेश्वर गाउँपालिका

धनुषा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र

व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय मधेश प्रदेश

पत्र संख्याः २०७८।७९
च.नं.०३५ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
बटेश्वर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
धनुषा ।

कैफियत सहितको राय

हामीले बटेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ७ करोड ३१ लाख ३४ हजार बेरुजू देखिएको छ। सो सम्वन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ५८ लाख ५१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड २८ लाख ९७ हजार, नियमित गर्नुपर्ने रु २ करोड १७ लाख ९ हजार र पेश्की रू. २६ लाख ७७ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु २६ करोड ३० लाख ४१ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट रु २० लाख ८९ हजार फस्यौंट भई हालसम्मको अद्यावधिक बेरुजू रु ३३ करोड ४० लाख ८६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर

रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

बटेश्वर गाउँपालिका, सिराहा

1. चालु वर्षको बेरुजु २०७८।७९

1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फर्छ्यौट			बाँकी बेरुजु			बेरुजु						
दफा संख्या			दफा संख्या			दफा संख्या			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
४८	१५८	७३१३४	०	०	०	४८	१५८	७३१३४	५८५१	२१७०९	४२८९७	०	०	६४६०६	२६७७

1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

क्र.सं	**प्रारम्भिक प्रतिवेदनको दफा नं.**	**छोटकरी व्यहोरा**	**रकम रु.**

2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फर्छ्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
वटेश्वर गाउँपालिका	२६३०४१	०	२०८९	२६०९५२	०	७३१३४	३३४०८६

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बटेश्वर गाउँपालिका, धनुषा , बटेश्वर गाउँपालिका , धनुषा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	रुद्र नारायण यादव	२०७७-५-२५	२०७८-४-१७
कार्यालय प्रमुख	रामजी जोशी	२०७८-४-१८	हाल सम्म कार्यरत
लेखा प्रमुख	सुमन कुमार पुरी	२०७८-४-१	हाल सम्म कार्यरत
		बेरुजु रकम	७३,१३४,४५८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१५,३६,७४,००६.३	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२५,८३,२७,३३४	**चालु खर्च**	३१,१८,०२,३३५
प्रदेश सरकारबाट अनुदान	८९,७५,०००	**पूँजीगत खर्च**	१९,३५,५४,८१७.०३
राजश्व बाँडफाँट	६,०५,४६,७९६.३८	**वित्तीय/अन्य व्यवस्था**	०
आन्तरिक आय	६४,६०,९३५.३५		
अन्य आय	८,८२,६३,५००		
कुल आय	४२,२५,७३,५६५.७३	**कुल खर्च**	५०,५३,५७,१५२.०३
बाँकी मौज्दात		७,०८,९०,४२०	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस बटेश्वर गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिकामा ५ वडा, ३१.६६ वर्ग किलोमिटर क्षेत्रफल तथा २१५३० जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षण** यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।१०।३० मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।	
३			**आन्तरिकलेखापरीक्षण** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७ को उपदफा २ मा स्थानिय तहले आफ्नो आय र व्यायको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । यस पालिकामा आन्तरिक लेखापरीक्षकको दरवन्दी रहेकोमा पनि हाल रिक्त देखिन्छ । पदपूर्ति गरी आन्तरिक लेखापरीक्षण गराई श्रेस्ता दुरुस्त राख्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा कर बापतको रु ३५०००।० असुली भई दाखिला भएको छ ।	
५			**वित्तीय प्रतिवेदन** **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ:	

विवरण	टिप्पणी	यस वर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		३५,४८,०५,९२८.७०	३३,९६,६८,०६०.१३	३३,९६,६८,०६०.१३
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		३५,१३,१४,५७९.२०	३३,४३,१०,५६५.७३	३३,४३,१०,५६५.७३
११००० कर	११	६,२०,२०,५७९.२०	५,७५,५०,३१९.७८	५,७५,५०,३१९.७८
१३००० अनुदान		२८,३५,६९,०००.००	२६,७३,०२,३३४.००	२६,७३,०२,३३४.००
संघीय सरकार	१२	२६,९५,९४,०००.००	२५,८३,२७,३३४.००	२५,८३,२७,३३४.००
प्रदेश सरकार	१२	१,३९,७५,०००.००	८९,७५,०००.००	८९,७५,०००.००
१४००० अन्य राजस्व		५६,२५,०००.००	९४,५७,९११.९५	९४,५७,९११.९५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१५००० विविध प्राप्ति		१,००,०००.००	०	०
ख. अन्य प्राप्ति		३४,९१,३४९.५०	५३,५७,४९४.४०	५३,५७,४९४.४०
वितरण गर्न बाकी राजस्व		०	२,८०,९८४.४०	२,८०,९८४.४०
कोषहरु		३४,९१,३४९.५०	०	०
धरौटी		०	५०,७६,५१०.००	५०,७६,५१०.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०
भुक्तानी (ग+घ)		५९,४६,५५,३४९.५०	४२,२३,००,०१४.००	४२,२३,००,०१४.००
ग. भुक्तानी (सञ्चित कोषबाट)		५९,११,६४,०००.००	४२,२६,३०,५९८.००	४२,२६,३०,५९८.००
२१००० पारिश्रमिक / सुविधा	१८	११,५६,७३,९९२.००	१०,४४,५५,९८३.००	१०,४४,५५,९८३.००
२२००० मालसामान तथा सेवाको उपयोग	१८	९,४०,४४,०१२.००	६,२९,३१,३२०.००	६,२९,३१,३२०.००
२५००० सहायता (Subsidy)	१८	२,९३,५३,०००.००	२,०२,२५,५२३.००	२,०२,२५,५२३.००
२६००० अनुदान	१८	०	०	०
२७००० सामाजिक सुरक्षा	१८	१,३८,४३,०००.००	७८,४०,७६६.००	७८,४०,७६६.००
२८००० अन्य खर्च	१८	३,६०,००,२००.००	३,३६,२२,१८९.००	३,३६,२२,१८९.००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च</td><td>१८</td><td>३०,२२,४९,७९६.००</td><td>१९,३५,५४,८१७.००</td><td>१९,३५,५४,८१७.००</td></tr>
<tr><td>घ. अन्य भूक्तानी</td><td></td><td>३४,९१,३४९.५०</td><td>(३,३०,५८४.००)</td><td>(३,३०,५८४.००)</td></tr>
<tr><td>कोषहरु</td><td></td><td>३४,९१,३४९.५०</td><td>०</td><td>०</td></tr>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>१४,५७,७६९.००</td><td>१४,५७,७६९.००</td></tr>
<tr><td>संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम</td><td></td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी</td><td></td><td></td><td>(१७,८८,३५३.००)</td><td>(१७,८८,३५३.००)</td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>(२३,९८,४९,४२०.८०)</td><td>(८,२६,३१,९५३.८७)</td><td>(८,२६,३१,९५३.८७)</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td></td><td>१५,४०,९२,४८६.४१</td><td>१५,४०,९२,४८६.४१</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(२३,९८,४९,४२०.८०)</td><td>७,१४,६०,५३२.५४</td><td>७,१४,६०,५३२.५४</td></tr>
<tr><td colspan="5"></td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>७,१४,६०,५३२.५४</td><td>७,१४,६०,५३२.५४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आर्थिक विवरण परीक्षण</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखा गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु ६६८१५९०२ र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु १४१५१४८६ समेत गरी रु ८०९६७३८८ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।	
६.२			**सञ्चित कोषमा स्थानान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ६२८४१३२५.८६ पुँजीगत खातामा रु. ८६५७९९१.६, आन्तरिक राजश्व खातामा रु ५३८५९९, राजश्व बाँडफाँड खातामा रु ७८३२०३०.८३ र विभाज्य कोष रु २८०९८४.४ गरी रु.८०१५०९३० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ।	
६.३			**फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु १७,९२,०४,२९०रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु १५३६७४००६मात्र जिम्मेवारी सारेको देखिएकोले रु २५५३०२८४ घटी जिम्मेवारी सारेको देखिन्छ। छलफलको क्रममा कार्यालयवाट गत आर्थिक वर्षमा चेक साटिने मिति पस्चात २०७८।०४।१५ मा वैक अन्तिम मौज्दात रु १५३४७९६७४।९० मात्र रहेकोभनी वैक स्टेटमेन्ट र पत्रसमेत पेश गरेको देखिन्छ।अत कार्यालयले यस सम्वन्धमा गत आर्थिक वर्षको महालेखापरीक्षकको प्रतिवेदन र गत आर्थिक वर्षको वैकस्टेटमेन्ट वमोजिमको अन्तिम मौज्दात एवम यस वर्ष सारिएको जिम्मेवारीको सम्वन्धमा एकिनगरी हिसाव मिलान गर्नुपर्दछ।	
६.४			**बैङ्क हिसाव विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ ।

खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
स्थानीय तह सञ्चित कोष खाता	१७८८०९६६.१८	९५१०३३६	-८३७०६३०.१८
चालु खर्च खाता	३८४८४१५२.८६	६२८४१३२५.८६	२४३५७१७३.
पुँजीगत खर्च खाता	५००५८४३.६	८६५७९९१.६	३६५२१४८.
विविध खर्च खाता	८२१७९५.५	८२१७९५.५	०.
विपद व्यवस्थापन खाता	८८४००८.	८८४००८.	०.
स्थानीय विभाज्य कोष	२८०९८४.४	२८०९८४.४	०.
स्थानिय विविध कोष खाता	८९२७७३.		-८९२७७३.
धरौटी मौज्दात	७२१०००९.		-७२१०००९.
ग१.१, आन्तरिक राजस्व खाता	०	५३८५९९	५३८५९९.
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	७८३२०३०.८३	७८३२०३०.८३
बैङ्क मौज्दात	७१४६०५३२.५४	९१३६७०७१.१९	१९९०६५३८.६५

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>दायित्व भुक्तानी - पालिकाले सबै दायित्व वर्षान्तमा फरफारक गर्नुपर्दछ ।पालिकाले तयार गरेकोवित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्त विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर लगायतको रकम दाखिला गर्न बाँकी रु १७,८८,३५३.०० देखाएको छ । यकिन भई सकेको दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>दायित्व विवरण</th><th>रकम</th></tr>
<tr><td>अग्रिम आय कर</td><td>१,५९,७३०.००</td></tr>
<tr><td>सामाजिक सुरक्षा कर</td><td>१,८५,२७३.००</td></tr>
<tr><td>मुल्य अभिवृद्धि कर</td><td>१४,४३,३५०.००</td></tr>
</table></td><td>१,७८८,३५३</td></tr>
<tr><td>६.६</td><td></td><td></td><td>फरक हिसाव – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु ४१८४८० , यस वर्षको प्राप्ति रु ८२९०५५०६ यस वर्षको भुक्तानी रु ८३०५७१३८ र बैङ्क मौज्दात रु ५७०११२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

<table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति (आय)</th><th>यसवर्षको भुक्तानी (व्यय)</th><th>बैङ्क मौज्दात</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>१५,४०,९२,४८६</td><td>३३,९६,६८,०६०</td><td>४२,२३,००,०१४</td><td>७,१४,६०,५३२</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरण अनुसार</td><td>१५३६७४००६</td><td>४२२५७३५६६</td><td>५०५३५७१५२</td><td>७०८९०४२०</td></tr>
<tr><td>फरक</td><td>४१८४८०</td><td>-८२९०५५०६</td><td>-८३०५७१३८</td><td>५७०११२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>
धरौटी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ७६ मा धरौटी रकम फिर्ता गर्दा फर्मको धरौटी फिर्ताको निवेदनका साथमा कामको कार्यसम्पन्न प्रतिवेदन, कर चुक्ताको प्रमाण पत्र र मू.अ.कर समायोजन पत्र पेश गर्नुपर्ने ततपश्चात मात्र धरौटी फिर्ता दिनुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसार निर्माण व्यवसायी एव आपुर्तकलाई धरौटी फिर्ता दिएकोमा सम्वन्धित आर्थिक वर्षको मुल्य अभिवद्धि कर समायोजन वेगर धरौटी फिर्ता दिएको पाईएकोले सो समायोजन प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><td>गो भौ मिति</td><td>फर्म</td><td>रकम</td><td>आर्थिक वर्ष</td><td>कैफियत</td></tr>
<tr><td>७।०७८।१०।११</td><td>श्रीरेश्वर कंसट्रक्सन</td><td>१५०००</td><td>०७४।०७५
०७६।७७</td><td>कार्य विवरण नखुलेको</td></tr>
<tr><td>८।०७८।१०।१६</td><td>जनकपुर कंसट्रक्सन एक ट्युवेल ड्रिनिङ</td><td>२४९०७२</td><td>०७६।७७</td><td>दलीत आवस निर्माण</td></tr>
</table>
</td><td>५४६,८५४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

८।०७८।१०।१६	शिवज्योती कंस्ट्रक्सन	१२१५७	०७५।७६	वनदेवी रंगशाला निर्माण आवास कार्यक्रम
८।०७८।१०।१६	कोशी ग्राडण्ड वाटर ट्युवेल्स प्रालि	१२५६२५	०७६।७७	आवास कार्यक्रम
९।०७८।११।१०	दिव्यासु विल्डर्स	१४५०००	०७६।७७	स्वास्थ्य चौकी निर्माण
	जम्मा	५४६८५४।०		

</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ फिर्ता गर्न बाँकी अनुदान रु. ३,१२,८३,७५३.०० देखाएकोमा ०७९।०६।०९ मात्र फिर्ता गरेको देखिएकोले समयमै फिर्ता हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>पेश्की

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ मा सरकारी रकम पेश्की लिने कर्मचारीले समयमा पेश्की फछ्र्यौट नगरेमा बार्षिक १० प्रतिशत व्याज समेत लगाई असुल उपर गरिने व्यावस्था छ । पालिकाले निम्नानुसार कर्मचारी र संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट भएको नपाईएकोलेम्याद नाघेको उक्त पेश्की असुल फस्यौट गर्नुपर्ने रु</td><td>२,६७६,७५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	पेश्की म्याद नाघेको	पेश्की म्याद ननाघेको
कर्मचारी					0
०६/२४/२०७८	३३	खेलकुद कार्यक्रम	संगिता कुमारी	४०००००	0
०७/३०/२०७८	७७	खेलकुद कार्यक्रम	सुरेश कुमार महतो	११५०००	0
०७/३०/२०७८	७८	खेलकुद कार्यक्रम	सुरेश कुमार महतो	११५०००	0
१२/२१/२०७८	८५	प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान	रामलाल महतो	१३८२५०	0
१२/२१/२०७८	२५०	पुस्तक तथा सामग्री खर्च	रामलाल महतो	३५८५००	0
जम्मा				११२६७५०	0
संस्थागत					0
०४/१८/२०७८	१	उद्दार~ राहत तथा पुनर्स्थापना खर्च	श्री काली जन ज्योति राष्ट्रिय आधारभुत विधालय	५००००	0
०७/०९/२०७८	३७	खेलकुद कार्यक्रम	वन्देवी माई यूवा	५०००००	0

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

			क्लब		
०७/०९/२०७८	४४	अध्यक्ष कप २०७८ खेलकुद कार्यक्रम	श्री बनदेवीमाई युवा क्लव	२०००००	0
०८/१९/२०७८	११०	अध्यक्ष कप २०७८ खेलकुद कार्यक्रम	शिव शक्ती युथ क्लब	५०००००	0
१०/०९/२०७८	१५३	वडा स्तरिय खेलकुद प्रतियोगिता	शिव शक्ती युथ क्लब	३०००००	0
			जम्मा	१५५००००	0
		म्याद नाघेको जम्मा पेश्की		०	0
पेश्की लिएको मिति	गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	0	0
०४/१८/२०७८	१	गैर आवासीय भवन निर्माण/खरिद	आकृती निर्माण सेवा प्रा.ली.	0	१४३८०००
०३/२४/२०७९	१४	विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे	श्री रा. प्राथामिक विधालय सान्तिपुर-९	0	१८०००००
०३/२४/२०७९	१५	विद्यालयमा IT Lab	राष्ट्रिय आ.विधालय	0	६५००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

		स्थापना, सुदृढिकरण एवम् Digital library व्यवस्थापनका लागि अनुदान	सितापुर		
०३/२४/२०७९	१५	विद्यालयमा IT Lab स्थापना, सुदृढिकरण एवम् Digital library व्यवस्थापनका लागि अनुदान	श्री जनप्रिय माध्यामीक विधालय भुचक्रपुर	0	६५००००
०३/२४/२०७९	१६	केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	श्री शिव शक्ती नमुना मा.वि.बटेश्वर	0	५१५००००
०८/२६/२०७८	३४	प्रसुति भवनको बजेट	ओम बुद्ध । हरिततारा । भेनस जे.भी.	0	५००००००
		जम्मा पेश्की		२६७६७५०	१४६८८०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**चौमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३६ एंव वजेट बक्तव्य, २०७८ अनुसार पूँजीगत खर्च आर्थिक वर्षको अन्तिम ३ महिनामा ४० प्रतिशत र असारमा मात्र २० प्रतिशत भन्दा बढी खर्च गर्न नपाईने व्यवस्था छ । पालिकाले पूजीगत कुल खर्च रु १९११३००००।० गरेकोमा प्रथम चौमासिकमा रु ११८४२०००।० अर्थात ६.२ प्रतिशत दोश्रो चौमासिकमा रु ४४०६१०००।० अर्थात २३ प्रतिशत र अन्तिम चौमासिकमा रु १३५२२८०००।० अर्थात ७०.७५ खर्च गरेको छ । असारमा मात्र रु ३३७२००००।० खर्च गरेको छ । यसरी अन्तिम चौमासिकमा बढी खर्च गर्ने प्रवृत्ति अन्त गरिनुपर्दछ ।	
११			**सेवा प्रवाह**	
११.१			**आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन: • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाँउपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • गाँउपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको अभिलेख राख्नुपर्दछ । • मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । साथै भुक्तानीमा ETDS समेत गरेको छैन। • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सि लसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अवागै गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार गाँउपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • गाउपालिकाले कर्मचारीहरुको कार्यविवरण वनाइ लागु गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाँउपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।	
११.२			**न्यायिक विवाद निरुपणः** स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्याय सम्पादन सम्बन्धी व्यवस्था छ ।पालिकामा विगत कुनै विवाद जिम्मेवारी नसरेको र यस वर्ष ६८ वटा उजुरी पर्न आएकोमा १८ मात्र फर्छ्यौट गरी ५० वटा बाँकी देखिन्छ । समयमै न्यायिक निरुपण गर्नुपर्दछ ।	
११.३			**सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२) मा गाउपालीकाको काम कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था छ ।पालिकाले यस वर्ष निम्नानुसार सेवा प्रवाह गरेको विवरणवाट देखिन्छ । पालिकाले दर्ता भएका सबै निवेदन सिफारिस दिएको जनाएको छ ।सेवा प्रवाहलाई छिटो छरितो र सुलभ रुपमा प्रदान गरिनुपर्दछ । **विवरण** — **सिफारिस संख्य** **नागरिकता सिफारिस** — **३६९** **घरबाटो सिफारिस** — **४४६**	

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौ चर मि ति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

नाता प्रमाणित	**३१३**
जन्म मृत्यु दर्ता	**११८२**

</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>

विद्यालय भौतिक पूर्वाधार निर्माण-

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २,४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु १ करोड १० लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । पालिकाले विद्यालय निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

गो.भौमिति	विवरण	रकम	कैफियत
५।०७८।१२।१३	शिवशक्ति मावि	प्राविधिक धारको ल्याव व्यावस्थापन	९०००००।०
१६।०७९।३।२४	शिवशक्ति मावि	नमुना विद्यालय भवन निर्माण	७००००००

</td><td>११,०००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

२।०७८।९।१२			
१४।०७९।३।२४	राष्ट्रिय प्रावि शान्तिपुर	२ कोठे भवन निर्माण	१८०००००।०
१५।०७९।३।२४	जनप्रिय मावि	ICT Lab	६५००००।०
१५।०७९।३।२४	राष्ट्रिय आधारभुत विद्यालय	ICT Lab	६५००००।०
		जम्मा	११००००००।०

</td><td></td></tr>
<tr><td>१३</td><td>1, 7, 9</td><td>२०७९-२-२०</td><td>

असुली गरेको राजस्व तोकिए बमोजिम दाखिला नगरेको : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा सरकारी राजश्व दाखिला गर्न दश दिन भन्दा ढिला गर्नेलाई १० प्रतिशत जरिवाना लिई रकम दाखिला गर्न लागाउने र कसुरको मात्रा अनुसार विभागिय कारवाही गर्न गराउन सक्ने व्यवस्था गरेको छ ।यस पालिकाको वडा कार्यालयको राजश्व आर्थिक वर्षको अन्तमा बैंक स्टेटमैण्टका आधारमा आम्दानी जनाएकोले पालिकाका सबै वडा कार्यालयमा राजश्व सम्बन्धी जिम्मेवारी प्राप्त कर्मचारीले संकल गरेको राजश्व र सो दाखिला गर्नमा ढिलाई गर्नुको कारण एकिन गरी हालसम्मको ढिला दाखिला गरेको रु २१८८५९९।३५ को दश प्रतिशतले हुने जरीवाना रु २१८८५९।०० समेत वडा कार्यालयले असुल गरी दाखिला गर्न बाँकी रकम यथाशिघ्र असुल गर्नुपर्ने देखिन्छ ।

भौचर नम्बर मिति	आय शिर्षक	कुल रकम	कैफियत
१।२०७९।२।२०	अन्य राजश्व	६५००००	बैंक स्टेटमेण्टको आधारमा आम्दानी जनाएको
	आन्तरिक आय	१००००००	
७।२०७९।३।३१	विविध राजश्व	५३८५९९।३५	

</td><td>२१८,८६०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

९।२०७९।३।२५	आन्तरिक राजश्व	१०००	
	जम्मा	२१८८५९९।३५	

१४

आय प्राप्ति श्रोतको अभिलेख नराखेको

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ को उपदफा १ मा स्थानीय राजश्व परामर्श समिति रहने उल्लेख छ ।उक्त समितिको काम कर्तव्य अन्तर्गत राजश्वका श्रोत दायरा र दर विश्लेषण गर्ने राजश्वको क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्नुपर्ने रहेको उल्लेख छ । यस पालिकामा राजश्व परामर्श समिति गठन भई सो सम्बन्धी काम गरेको देखिदैन । पालिकाका आयका स्रोतहरुको रुपमा भवन, टहरा, जग्गा, पोखरी होर्डिङ्ग बोर्ड, पार्क लगायतका के कति रहेका छन् सो को व्यवस्थित अभिलेख राखेको देखिएन । प्राप्त विवरणका आधारमा आय स्रोतका रुपमा रहेका निम्नानुसारका खोलाहरुको दहत्तर वहत्तर विक्रि गरेको पाइएन । आन्तरिक आम्दानीका सम्भावित स्रोतहरुको पहिचान गरी अभिवृद्धि गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

क्र स	ठेक्का विवरण	विगतको कवोल अंक	कैफियत
१.	औरही खोला	१०५००००	ठेक्का नलागेको
२.	बसही खोला	११००००	यस वर्ष वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन (IEE) समेत तयार गरेको छैन
३.	विग्ही खोला	१०२०००	यस वर्ष वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन (IEE) समेत तयार गरेको छैन

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ठेक्का नलागेकोमा अमानतबाट उठाउने तर्फ पनि कुनै ध्यान दिएको देखिएन ।	
१५			**दहत्तर वहत्तर शुल्क वापतको रकम आम्दानी नजनाएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ को दफा २७ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। सुखजोड खोलाको ठेक्का सकारकर्ता श्री आयुष निर्माण सेवाले संझौता अंक रु ९०५०००।०० मध्येको ६० प्रतिशतले हुने रु ५४३०००।०० र बडहरी खोलाको ठेक्का सकारकर्ता श्री अंशिका कन्स्ट्रक्सनले संझौता अंक रु ४०९९९०१ को ६० प्रतिशतरकम रु २४५९९४१।०० संझौताको शर्त बमोजिम २०७८ चैत्र मसान्त भित्र बुझाउनु पर्ने देखिन्छ । उक्त रकम मध्ये आयुष निर्माण सेवाले लेखापरीक्षणको क्रममा रु ४ लाख मात्र दाखिला गरेको तथा अंशिका कन्स्ट्रक्सनले २०७९ पौष २० मा मात्रै सम्पुर्ण रकम दाखिला गरेको छ । संझौता बमोजिम आयुष निर्माण सेवाले दाखिला गर्न वाँकी रु १४३००० र ढिला दाखिला वापत वुझाउनु पर्ने रकमको १० प्रतिशतले हुने व्याज रु ५४३००।०० तथा अंशिका कन्स्ट्रक्सनले ढिला दाखिला वापत वुझाउनु पर्ने रकमको १० प्रतिशतले हुन् व्याज रु २४५९९४।०० समेत हुने रु ४४३२९४ असुल गर्नुपर्ने देखिएको रु **राजश्व अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५ को दफा २७ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। गाउँपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फा. नं. १०८ नराखेको तथा दैनिक राजश्व असूलीको भौचर उठाएको देखिएन। नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा. नं. १०८ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ। साथै असूली रकम असूल भएको भोलिपल्ट दाखिला गर्नु पर्नेमा वडा कार्यालयले आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेको देखियो।यस वर्ष के कति आम्दानी भयो कति राजश्व उठ्यो कति उठ्न वाँकी छ सो को विवरण तयार गरेको छैन साथै असूली रकम नियमानुसार समयमै दाखिला गरको समेत देखिदैन। आम्दानीे जस्तो सम्वेदनशील विषयमा गम्भिर भई अनिवार्य रुपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैंक दाखिला खाताहरुको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने।	४४३,२९४
१६			**राजश्व बाँडफाँड नगरेकोः आय बाडफाँट-** मधेश प्रदेश आर्थिक ऐन, २०७८ को दफा ७ मा बालुवा र गिटी ठेक्काबाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले तयार गरेको वित्तीय विवरणको अनुसूची १४ मा कुल संकलित रकम रु ३२७७४६१।०० मध्ये ४० प्रतिशत रु. १३१०९८५।०० प्रदेश सञ्चित कोष दाखिला गरेको देखिएन ।	१,३१०,९८५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आर्थिक ऐन अनुसार प्राप्त आयको ४० प्रतिशत प्रदेश सञ्चित कोष दाखिला गर्नु पर्ने रु. खोला ठेक्का सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार रहेका छन् • सझौताको शर्तमा नदीजन्य पदार्थ ढुवानी गरी लैजाने सवारी साधनलाई पटकै पिच्छे विक्री आदेश वा विल स्पष्ट संग भरी जानकारी गरिएको हुनपर्ने र उक्त रसिदहरु ठेकेदार आफैले छपाइ कार्यालयको छाप र यस कार्यालयमा रसिद नम्बर दाखिला गरेरमात्र प्रयोगमा ल्याउनुपर्ने उल्लेख छ । सो बमोजिम यस कार्यालयमा ठेकेदारले रसिद नम्बर दाखिला गरेको नदेखिएको तथा सोको नियन्त्रणमा समेत कार्यालय उदासिन रहेको देखिन्छ । शर्त परिपालनामा कार्यालयनै उदासिन हुँदा वातावरणिय परिक्षण प्रतिवेदन तयार गरी ठेक्का दिनुको कुनै औचित्य देखिदैन । • वातावरणिय परिक्षण प्रतिवेदन र ठेक्का संझौता बमोजिम उत्खनन् गर्न मिल्ने परिमाण तोकिएको भएतापनी संझौता अनुसार नदीजन्य पदार्थको उत्खनन् एवम् ढुवानी गर्दा कार्यालयले प्राविधिक तथा अन्य कर्मचारी खटाइ अनुगमन गर्नुपर्नेमा सो गरेको पाइएन । अनुगमन नगर्दा वातावरणिय परिक्षण प्रतिवेदन र ठेक्का संझौता बमोजिमको परिमाण वरावरकै उत्खनन् भयो वा सो भन्दा वढी भयो सो एकिन गर्न सकिएन । • उत्खनन परिमाणको अभिलेखांकन र अनुगमन नहुँदा प्राकृतिक स्रोतको अत्याधिक दोहन हुनसक्ने जोखिम रहन्छ । प्राकृतिक स्रोतको अत्याधिक दोहन हुन नदिने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । <table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>१६.१</td><td>बटेश्वर गाउँपालिका</td><td>१३,१०,९८५</td></tr></table>	
१७			**आय ठेक्कामा मूल्य अभिवृद्धि कर-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७६ को नियम ५८ को उपनियम ६ मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकमको अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने उल्लेख छ। **साथै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा दर्ता नभएको**	६५०,६३८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			स्थानीय तह मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल उपर गर्नु पर्ने व्यवस्था छ। पालिकाले अनुसूची खण्डमा समावेश विवरण अनुसार आय ठेक्का बडहरी खोलाको ठेक अंक रु ४०९९९०१ को मुल्य अभिवृद्धि कर रु ५३२९८७।१३ अंशिका कन्स्ट्रक्सनसंग तथा सुखजोड खोलाको ठेक अंक रु ९०५००० को मुल्य अभिवृद्धिकर रु ११७६५०।०० आयुष निर्माण सेवा संग प्राप्त गरी सम्बन्धित कोषमा दाखिला गर्नुपर्नेमा हाल सम्म दाखिला गरेको देखिदैन । दुवै ठेक्काको संझौता बमोजिम दाखिला गर्नुपर्ने रु ६५०६३८।०० असुल गरी दाखिला गर्नुपर्ने रु **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** १७.१ | अंशिका कन्स्ट्रक्सन | ५,३२,९८८ १७.२ | आयुष निर्माण सेवा | १,१७,६५०	
१८			**महंगी भत्ताः** अर्थ मन्त्रालयको मिति २०७९।१।२१ को चं न १७१९ को महगी भत्ता उपलब्ध गराउने सम्बन्धी परिचपत्रमा नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरवन्दीका करारमा कार्यरत कर्मचारिलाई महगी भत्ता दिन नमिल्ने व्यवस्था भएकोमा पालिकाले निम्न ५ जना करार कर्मचारीलाई कुल रु १२००००।० भुक्तानी दिएकोले खर्च लेख्न मिल्ने आधार पेश गर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु कर्मचारी | भहगी भत्ता गुरु शरण महत्तो | २४०००।० गायत्री कुमारी शाह | २४०००।० प्रविण कुमार ठाकुर | २४०००।० विरेन्द्र कुमार महतो | २४०००।०	१२०,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			दिलिप कुमार यादव — २४०००।० ; जम्मा — १२००००।०	
१९			**गाउँपालिका चालु**	
१९.१	१३४।०७८।९।२२		**कर विजकः** मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ एव अनुसुचि ५ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको विक्रेताले रीतपुर्वकको कर विजक जारी गर्नुपर्दछ । साथै भुक्तानी दिने निकायले पनि रीतपुर्वकको विजक प्राप्त भएमा मात्र भुक्तानी दिनुपर्दछ । गाउँपालिका पूर्ण सरसफाई रणनिति निमार्ण गर्न रियल ड्रिम्स इन्टरनेशन (६०९५१५०११) लाई रु ४९१५५०।० भुक्तानी गरेकोमा इन्टरनेश्नलको मिति ०७८।९।४ को एउटै विजक विलमा विजक नं ०१ र ०२ हातले लेखेको पाइएकोले सो विजक विलको मूल्य अभिवृद्ध कर समायोजन गर्नुपर्ने रु	५६,५५०
१९.२			**राजश्व सुधार कार्ययोजना निर्माणः** १३३।०७८।९।२२ यस गाउँपालिकाले राज्स्व सुधार कार्ययोजना निर्माण तथा प्रतिवेदन वापत श्री नेपाल ट्रेड एण्ड इन्जिनियरिङ प्रालि काठमाण्डौलाई रु ९८८७५०।० भुक्तानी दिएकोमा लागत अनुमानमाा अर्थशास्त्रीलाई ४५ दिन लाग्ने गरी स्वीकृत गरी प्रालिले पेश गरेकोमा गाउँपालिकाले सोही स्वीकृत गरी मिति ०७८।८।२१ मा सम्झौता तथा कार्यादेश दिएको छ । प्रालिले मिति ०७८।९।१४ मा कार्यसम्पन्न गरी सोही मितिमा विजक नं ०६ को विल तथा ३ वटा प्रतिवेदन समेत पेश गरेकोले २४ कार्यादिन लागेको देखिन्छ । तसर्थ ४५ कार्यदिन नलाग्ने गलत लागत अनुमान तयार जनशक्ति विशेषज्ञ अर्थशास्त्रीको रकम रु ४०००।० दरले ४५ दिनको रकम भुक्तानी दिएको बढी २१ दिनको रकम रु ८४०००।० असुल गर्नुपर्ने रु	८४,०००
२०			**औषधी खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ।साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम ३ख मा उपनियम १क बमोजिम २५ लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान सोझै खरिद खरिद गर्दा डिलर विक्रि मुल्य राष्ट्रियस्तरको समाचार पत्रमा प्रकाशन	९९९,८५२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गरेको र त्यस्तो उत्पादकले डिलरलाई दिए सरहको छुट खरिद गर्ने सार्वजनिक निकायलाई दिएको हुनुपर्ने उल्लेख छ । पालिकाले स्थानीय स्तरमा प्रकाशित हुने पत्रिकामा औषधी उत्पादकले दर प्रकाशन गरेको आधारमा यस वर्ष विभिन्न औषधीहरु रु ९९९८५२।०० मा खरिद गरेको छ । प्रकाशित दर रेटमा निश्चित वितरकसंग खरिद गर्न सकिने सूचनाको आधारमा छुट समेत प्राप्त नगरी खरिद गरेको छ ।खरिद नियमावलीको औषधिजन्य समाग्री खरिदको प्रकृया पुरा नगरी खरिद गरी भुक्तानी दिएको नियमित देखिदैन । औषधी एवम् सर्जिकल सामान खरिद सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय अनुसार छन्: • खरिद गर्न पूर्व लागत अनुमान तयार गर्दा सम्बन्धित स्वास्थ्य कार्यालयहरुको बाँकी मौज्दात एकिन नगरेको, • आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, • औषधी सौझै खरिद गरेकोमा कम्तिमा १८ महिनाको अवधि भएको औषधी खरिद गर्नुपर्नेमा खरिद सम्झौता नगरेको, म्याद उल्लेख नगरेको र तोकिएको कार्यविधिको पालना नगरेको, • आपूर्ति भएका औषधी एवम् सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको, • औषधी खरिद पश्चातको गुणस्तर परीक्षण (Post Delivery Inspection - PDI) लगायतका प्रक्रिया समेत पुरा नगरी औषधी खरिद गरेकोले नियमको पालना गरेको नदेखिएको, • औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आम्दानी बाँध्ने नगरेको, • औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको। तसर्थ, औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।	
२१			**दोहोरो इन्धन खर्च** स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी ऐन २०७७ को दफा ४ मा पदाधिकारीलाई सम्बन्धित स्थानीय तहले सवारी साधन उपलव्ध गराएकोमा त्यस्तो सवारी साधनलाई अनुसूची बमोजिमको इन्धन र मोविल खर्च उपलब्ध गराइने तथा सवारी साधन उपलव्ध नभएकोमा अनुसूची बमोजिमको रकम यातायात खर्च वापत पाउनेछन् भन्ने व्यवस्था गरेको छ । साथै यातायात खर्च उपलव्ध गराइएको पदाधिकारी तथा सदस्यले सवारी साधन इन्धर र मोविल खर्च पाउने छैन भन्ने उल्लेख छ । यस पालिकाले वडा कार्यालय सञ्चालन खर्च अन्तरगत पदाधिकारी इन्धन शिर्षकमा ४० हजारको दरले विनियोजन गरी खर्च गरेको देखिन्छ । सवै पदाधिकारीहरुलाई एकमुष्ठ रुपमा पालिकाबाट इन्धन र यातायात खर्च भुक्तानी गरेको अवस्थामा पुनः वडा कार्यायबाट पदाधिकारी इन्धन शिर्षकमा बजेट विनियोजन गरी रु २०००००।०० खर्च जनाएको दोहोरो देखिन्छ । वडा कार्यालयले पदाधिकारी इन्धन शिर्षकबाट इन्धन खर्च लेखेकोले दोहोरो इन्धन खर्च सम्बन्धमा कार्यालयले एकिन गरी असुल गर्नुपर्ने देखिन्छ ।	२००,०००
२२			**मर्मत अभिलेख** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम पालिकाको सम्पत्तिको समयमै मर्मत, सम्भार गरी प्रभावकारी प्रयोगमा ल्याउने, उक्त मर्मत, संभार तथा संरक्षण खर्चलाई तुलनात्मक बिश्लेषणका आधारमा नियन्त्रण गर्न मर्मत सम्भार तथा संरक्षण आवेदन फारम म.ले.प.फा.नं. ४१४ को	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			आधारमा मर्मतको लागि स्वीकृती दिने तथा पुँजीगत /सार्वजनिक सम्पत्तिको गुणस्तरयुक्त प्रभावकारी मर्मत संभार तथा संरक्षण कार्य व्यवस्थित गरी सम्पत्तिको संचालन तथा संरक्षण गर्ने गराउने उद्देश्यका साथ मर्मत सम्भार तथा संरक्षण अभिलेख फारम म.ले.प.फा.नं. ४१५ तयार गर्नु पर्दछ । पालिकाले तोकिएका फारमहरुमा अभिलेख नराखी सवारी साधन मर्मतमा रु. ७४३६९३।०० , मेशिनरी औजार मर्मतमा रु ६६६३३५।०० र निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भारमा रु २९२४७६।०० समेत रु १७०२५०४।०० खर्च लेखेको छ ।तोकिएका फारमहरु तयार वेगरै खर्च जनाउँदा मर्मतमा भएको खर्च प्रभावकारी नहुने देखिन्छ । तसर्थ नियमको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	
२३			**कर्मचारी मार्फत खरिदः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली, २०७७ को नियम ४७ बिक्रेताबाट सोझै मालसामान खरिद खरिद गर्न नसकिने भई त्यस्तो मालसामान खरिद गर्न आफ्नो कार्यालयको कर्मचारीलाई पेश्की दिई पठाउन सक्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसारका स्थानीय विक्रेतासंग सामग्री तथा खाजा खरिदको भुक्तानी कर्मचारी मार्फत गरेको देखिन्छ ।विक्रेतालाई सोझै भुक्तानी नगरी कर्मचारी मार्फत भुक्तानी गर्ने परिपाटिमा नियन्त्रण हुनु पर्दछ ।	

भौचर नम्बर र मिति	कर्मचारीको विवरण	रकम	कामको विवरण	फर्मको नाम
३१९।२।२७	श्याम साह तेली	२५४५५	लक्ष्मि निवास स्वा चौ संञ्चालन खर्च	न्यू राकेश मिष्ठान्न भण्डार एण्ड चाट हाउस
२४५।२०७८।१२।१३	निर्गुक कुमार महतो	११६२००	न्यायीक समिती बैठकको खाजा	दिपक मिष्ठान्न भण्डार र सिमा खाजा घर
२४६।२०७८।१२।१३	सुरेश कुमार महतो	१९५७६८	स्वास्थ्य चौकि भवनको विद्युतीकरण र पलम्बिङ्ग	ए वन ट्रेडर्स
३१७।२०७९।३।२६	उमेश कुमार महतो	२००००	स्वास्थ्य चौकी को लागि स्टेशनरी खरिद	शारदा पुस्तक एण्ड स्टेशनरी

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>४०२।२०७९।३।२५</td><td>राज कुमार महतो</td><td>१९८५०</td><td>स्वास्थ्य चौकी को लागि स्टेशनरी खरिद</td><td>शारदा पुस्तक एण्ड स्टेशनरी</td></tr></table></td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२४.१</td><td>206</td><td>२०७८-११-१</td><td>गुनासो व्यवस्थापन तालिमः २०६।२०७८।११।०१ गुनासो व्यवस्थापन तालिम सञ्चालन खर्च लालबावु महतोलाई रु ४०००००।०० भुक्तानी गरेको छ । उक्त तालिम २०७८।९।२ देखि १३ गते सम्म ७ दिन सञ्चालन भएको जनाएको छ । तालिम प्रतिवेदनमा विहान ६:३० देखि ११:३० सम्म सञ्चालन गरेको जनाएकोमा तालिमको फ्लेक्समा तालिम विहान ८:०० बजे देखि शुरु भएको देखिन्छ । तालिम कार्यतालिकामा सवै प्रशिक्षकको कक्षा ४५ मिनेटको रहेको र दैनिक ६ वटा कक्षा सञ्चालन भएको जनाएको छ । तालिमको फ्लेक्स र प्रतिवेदनमा समय फरक रहेकोले दैनिक ४ घण्टा सम्मको तालिममा खाना वापत रु ७३५०० र खाजा वापत रु ५९२५० खर्च जनाएकोले उक्त तालिमको खाना खाजा खर्च मितव्ययी नदेखिएको रु</td><td>५९,२५९</td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ मा तालिम कार्यक्रममा एक घण्टा ३० मिनेटको कक्षाको लागि मात्र प्रशिक्षण खर्च भुक्तानी गर्न मिल्ने उल्लेख भएकोमा प्रतिवेदन साथ पेश भएको प्रशिक्षण तालिकामा सम्पुर्ण कक्षाहरु ४५ मिनेटको मात्रै रहेको जनाएको छ । दैनिक ३० मिनेटको रिफ्रेशमेन्ट ब्रेक सहितको ५ घण्टाको तालिममा ६ वटा कक्षा १ घण्टा ३० मिनेटको हुन नसक्ने देखिएकोले गुनासो व्यवस्थापन तालिमको प्रशिक्षण भत्ता वापत भुक्तानी रकम रु ६७२०० नियमसंगत देखिदैन ।</td><td>६७,२००</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>यन्त्र उपकरण सञ्चालन- पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।	
२६			**रोक्का पारिश्रमिकः** काम गरेको अवधिको भुक्तानी गर्ने गरी गाँउपालिकाले विर वहादुर मगरलाई ड्राइभर पदमा करारमा नियुक्ति गरेको छ । निज विभिन्न कारणले २०७७ फाल्गुन देखि २०७८ असार मसान्त सम्मको अवधिको तलब भत्ता रोक्का भएको छ । निजको तलब रोक्का हुनुको कारण र पुनः भुक्तानी दिनुपर्ने कारण सहितको प्रमाण कागजात तथा भुक्तानी दिन वाँकिको कच्चावारी वेगर साविकमा रोक्का राखिएको ५ महिनाको रु ७६००० भुक्तानी दिएको छ । रोक्का तलव भुक्तानी दिएकोमा सोसँग सम्बन्धित प्रमाण पेश गर्नुपर्ने रु	७६,०००
२७			**भ्रमण अभिलेख एवं प्रतिबेदनः** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार गाँउपालिका चालुतर्फ भ्रमण खर्चमा रु. ८०१००।०० र अनुगमन शिर्षकबाट रु १३५६०५०।०० खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन। भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको छ । नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च गर्नुपर्दछ ।	
२८			**विविध खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।साथै खर्च संकेत वर्गिकरण, २०७४ मा तोकिएको खर्च शीर्षकमा बजेट विनियोजन गरी सोही बमोजिम खर्च गर्नुपर्ने व्यवस्था गरेको छ ।यस पालिकाले यो वर्ष विविध खर्च शिर्षकमा रु ९६५०००४।०० विनियोजन गरी रु ६८७०१६८।०० खर्च गरेको छ । यस वर्ष पालिकाले आन्तरिक आय शिर्षकमा आम्दानी जनाएको रु २१८८५९९।३५ भन्दा ३ गुना वढी विविध शिर्षकमा रकम विनियोजन गरी खर्च गरेको छ । विविध शिर्षकबाट स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापना र भोज सम्बन्धी खर्चहरु, कार्यालयसम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार लगायतका अन्य शिर्षकमा नपरेका खर्चहरुमात्र खर्च जनाउनु पर्नेमा पशु शाखा, शिक्षा शाखा, सूचना प्रविधि शाखा, स्वास्थ्य शाखा, महिला विकास शाखाको कार्यक्रम खर्च तथा महिला स्वयं सेविका, वडा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्यालयको प्रशासनिक खर्च , सरसफाइ रणनीति निर्माण, खेलकुद कार्यक्रम जस्ता कार्यक्रमहरुको खर्च भुक्तानी गरेको छ । विविध खर्च शिर्षकबाट खर्च नहुनुपर्ने शिर्षकहरुमा समेत सोही शिर्षकमा बजेट विनियोजन गरी खर्च गरेको तथा उक्त खर्च रकम बमोजिमको खाजा,खाना लगायतका विल पेश गरेतापनि, उक्त खर्च गर्नुपर्ने आधार स्पष्ट हुने प्रमाणकागजातहरु संलग्न गर्ने गरेको देखिएन ।आन्तरिक आय भन्दा वढी, विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी, बजेट विनयोजन गर्ने तथा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनु पर्दछ ।	
२९			**कर्मचारी थप सुविधाः** प्रदेश खर्च मापदण्ड निर्देशिका,२०७७ को दफा १० को उपदफा १ को खण्ड ख मा अतिरिक्त समय काम गरेबापतको खाजा खर्च भुक्तानी गर्दा दैनिक कम्तिमा दुई घण्टा काम गरेको विद्युतीय हाजिरी लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गरेको हुनुपर्ने व्यवस्था छ । साथै सातौ गाँउसभाको निर्णय नम्बर ३९ मा विहान साँझ खटिएका कर्मचारीहरुलाई प्रमाणित लगतको आधारमा आधा महिनाको थप भत्ता प्रदान गर्ने उल्ललेख छ ।अतिरिक्त समय काम गरेको भनि अधिकृतलाई दैनिक रु ७००।० र अन्यलाई रु ५०० गाउँसभाको निर्णय अनुसार मासिक १ हजार सवै कर्मचारीलाई खाजा खर्च समेत रु १९६००८५ भुक्तानी भएको छ ।यस पालिकाले सम्पुर्ण कर्मचारीहरुलाई देहायबमोजिमको मासिक खाजा भत्ता, अतिरिक्त समय कार्य गरेको अवधिको भत्ता, प्रोत्साहन भत्ता र थप जिम्मेवारी भत्ताको रुपमा सेवा सुविधा प्रदान गरेको छ ।खाजा र खाना भत्ता प्रदान गर्दा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित विद्युतीय हाजिरी संलग्न राखेको छैन ।खाजा र खाना खर्च भुक्तानी गर्दा अतिरिक्त समय काम गरेको देखिने विद्युतीय हाजिरी संलग्न गरी निश्चित कार्यविधि अपनाई आन्तरिक आयस्रोतबाट खर्च व्यहोर्ने गरी यस किसिमको भत्ता दिने तर्फ ध्यान दिनु पर्दछ ।	

क्र स	भौ न र मिति	खर्चको विवरण	रकम
१	२२/२०७८/०६/२१	सातौ गाउँसभामा अतिरिक्त समय काम गरेका कर्मचारीहरुको भत्ता रकम	१,०२,२८५.००
२	२८/२०७८/०६/२२	२०७८ साउन देखी २०७८ असोज सम्मको खानाखाजा रकम भुक्तानी	१,५८,९००.००
३	३१/२०७८/०६/२४	२०७८ साउनदेखी २०७८ असोज सम्मको थप पारिश्रमीक	१६,३००.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

		भुक्तानी	
४	६९/२०७८/०७/१५	खाजा खाना प्रोत्साहन भत्ता रकम	४,२४,९००.००
५	७०/२०७८/०७/१५	खाजा खाना प्रोत्साहन भत्ता रकम	४१,१००.००
६	१६०/२०७८/१०/११	कर्मचारि प्रोत्साहन बापतको रकम	९६,८००.००
७	२१०/२०७८/११/१०	थप पारिश्रमिक भुक्तानी	१५,०००.००
८	३३८/२०७९/०३/१६	खाजा खर्च रकम	८०,०००.००
९	३८७/२०७९/०३/२४	कर्मचारीहरुको प्रोत्साहन रकम	६,७१,८००.००
१०	३८८/२०७९/०३/२४	प्रोत्साहन भता भुक्तानी	१,०५,०००.००
११	३८८/२०७९/०३/२४	प्रोत्साहन भता	२,४८,०००.००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३०			**कार्यालय संचालन खर्च भुक्तानी :** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को वुँदा १५ मा रकम विनियोजन भएको अवस्थामा जरिवाना तिर्नुपर्ने अवस्थामा कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल गर्ने उल्लेख छ ।धारा, पानी, टेलीफोन, विजुली जस्ता कार्यालय सञ्चालन खर्चहरु तोकिएको अवधिमा छुट समेत प्राप्त गर्न सक्ने अवधिमा भुक्तानी गर्नुपर्ने हुन्छ। महशुल भुक्तानीको विवरण परीक्षण गर्दा बिजुली महशुल ढिला भुक्तानी गरी जरिवाना समेत भुक्तानी गरेको देखियो।अतः यस सम्बन्धमा पालिकाले सम्बन्धित कर्मचारीहरुको विवरण एकिन गरी तोकिएको समयमा महशुल, शुल्क भुक्तानी नगर्ने कर्मचारीलाई जिम्मेवार बनाई तोकिएको समयमा भुक्तानी नगरेकोमा लागेको जरिवाना सम्बन्धितबाट असुल गर्ने व्यवस्था गर्नुपर्दछ।	७२,१६८

क्र म	भौचर नम्बर	भौ चर मि ति	बिषय	बेरुजु रकम
			<table><tr><td>सि.नं.</td><td>भौ.न. र मिति</td><td>खर्च विवरण</td><td>जरीवाना रकम</td></tr><tr><td>१.</td><td>१७।२०७८।६।२०</td><td>नेपाल विद्युत् प्राधिकरण</td><td>२६५९६</td></tr><tr><td>२.</td><td>४२।२०७८।७।९</td><td>नेपाल विद्युत् प्राधिकरण</td><td>२६७२</td></tr><tr><td>३.</td><td>२१३।२०७८।११।११</td><td>सुरेश कुमार महतो</td><td>६०००</td></tr><tr><td>४.</td><td>१८०।२०७८।१०।२०</td><td>राम वहादुर पुलामी</td><td>३३४</td></tr><tr><td>५.</td><td>१८८।२०७८।१०।२५</td><td>जनकलाल महतो वडा ४ को विद्युत विल</td><td>१९८५९</td></tr><tr><td>६.</td><td>२६४।२०७९।१।७</td><td>नेपाल विद्युत् प्राधिकरण बटेश्वर गाविस</td><td>६८२४</td></tr><tr><td>७.</td><td>२७०।२०७९।१।८</td><td>नेपाल विद्युत् प्राधिकरण वडा ३ कार्यालय</td><td>३३४०</td></tr><tr><td>८.</td><td>२७१।२०७९।१।१२</td><td>संगिता कुमारी वडा ५</td><td>५३००</td></tr><tr><td>९.</td><td>३५९।२०७९।३।२४</td><td>वडा ४ को विद्युत् विल मनिषा कुमारी महतो</td><td>१२४३</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>७२१६८</td></tr></table>	
३१			**भाडामा लिएको सम्पत्तिः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २६ र नियमावली, २०७७ को नियम ९४ मा आफ्नो निकाय अन्तरगतको सवै प्रकारको चल अचल सम्पत्ति र दायित्वको अभिलेख राख्नुपर्ने र जिन्सी मालसामान तथा तत्सम्बन्धी श्रेस्ता भण्डार शाखाको जिम्मामा रहने व्यवस्था छ । कार्यालयले गाडी र वडा कार्यालयहरुका लागि भवन भाडामा लिई रकम भुक्तानी गरेको छ ।भाडामा लिएको सम्पति भाडामा दिने व्यक्ति वा कार्यालयको नाम र ठेगाना, भाडामा लिएको वा दिएको सम्पत्तिको परिमाण (सङ्ख्या) , भाडामा सम्पत्ति लिने आदेश वा स्वीकृती मिति, भाडाको अवधि, अवधिको इकाइ, अवधि	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>कति हुन्छ, प्रति एकाइ भाडा रकम, पूरै अवधिको लागि जम्मा भाडा रकम कति हो, तिरेको भाडाको रसिद वा भौचर समेतको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले भुक्तानी गरेको उक्त भाडा रकमले प्राप्त गरेको भाडाका सम्पत्तिहरुको तोकिए बमोजिमको म.ले.प.फा.नं. ४१६ तयार गरी अभिलेख राखेको छैन । भाडाका सम्पत्तिहरुको अभिलेख वेगर यस वर्ष मेशिनरी औजार, सवारी साधन लगायतका स्थिर सम्पत्तिहरु भाडामा लिए वापत भुक्तानी गरेको रु ११७२१००।०० को यथार्थता परिक्षण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>विल भरपाईः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १ मा खर्चको पुष्ट्याँई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ ।यस पालिकाले निम्नानुसारको काम अमानत मार्फत गराएकोमा नापी किताब साथ पेश भएको विल भरपाई र नापी किताबमा उल्लेख भएको काम विच तादम्यता रहेको देखिदैन । नापी किताबमा सबग्रेड प्रिपिरेशन र सब वेशको काम भएको जनाएकोमा कर्मचारीले पेश गरेको विलमा सब वेश खरिद गरेको मात्रै देखिन्छ । यसरी विल भरपाई र नापी किताब विचको भिन्नताले वास्तविक काम भएको भनि एकिन गर्न सकिदैन । सब ग्रेड प्रिपेरेशनको काम भएको देखिने विल पेश नगरेको अवस्थामा समेत उक्त काम भएको जनाई भुक्तानी भएको देखिन्छ । सो कामसँग सम्बन्धित प्रमाण पेश गर्नुपर्ने रु

<table>
<tr><th>क्र स</th><th>भौ न र मिति</th><th>कर्मचारीको विवरण</th><th>सब वेश खरिद विल</th><th>नापी किताब अनुसार सव ग्रेड तयारीको काम</th><th>कुल काम</th><th>फरक कामको मुल्य</th></tr>
<tr><td>१</td><td>८१।२०७८।१२।०२</td><td>संगिता कुमारी</td><td>७६०००</td><td>३९०७</td><td>७६००३</td><td>३९०७</td></tr>
<tr><td>२</td><td>८२।२०७८।१२।०२</td><td>सत्रुधन मण्डल</td><td>९७१८०</td><td>१८३९८</td><td>९८३२५</td><td>१८३९८</td></tr>
<tr><td>३</td><td>८३।२०७८।१२।०२</td><td>संगिता कुमारी</td><td>९८८७५</td><td>११८५६</td><td>९८८८०</td><td>११८५६</td></tr>
</table></td><td>३४,१६१</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**मसलन्द तथा कार्यालय सञ्चालन खर्चः** सोझै खरिद सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा यस ऐन र ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) वमोजिम एक आर्थिक वर्षमा एकैपटक वा पटक पटक गरी ५ लाख भन्दा वढी रकमको वा एउटै अपूर्तकवाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था विपरित मसलन्द तथा कार्यालय सामाग्री रु २००००००।०० पुस्तक तथा सामग्री खर्चमा रु ८८१४०४।०० अन्य कार्यालय सञ्चालनमा रु ५३७१७०७।०० खर्च गरेको छ । उक्त शिर्षकहरुबाट खरिद कार्य गर्दा लागत अनुमान वेगर टुक्रा टुक्रा पारी लागत अनुमान तयार नगरी मालसामान खरिद गरेको देखिन्छ। पालिकाले खरिद योजना निर्माण गर्ने, खरिद माग प्राप्त गर्ने, खरिद गर्ने सामानको लागत अनुमान तयार गर्ने जस्ता प्रक्रियाहरु पुरागरी प्रतिस्पर्धी तवरले खरिद कार्य गर्नु पर्दछ।	
३४			**वडा सञ्चालन खर्चः** पालिकाले गाँउसभाको निर्णय वमोजिम वडा नं. १ देखि ५ सम्म प्रतिमहिना वडा सञ्चालन खर्चवापत रु १५००० को दरले वडा सचिवले पेश गरेको विल भरपाइका आधारमा भुक्तानी गरेको देखियो।सभाको निर्णय वमोजिम वडा संचालन खर्च अन्तर्गत सामान्य मर्मत सरसफाई साना तिना संचालन खर्च गर्ने भुक्तानी हुनुपर्नेमा अधिकाशं खाना,खाजा र इन्धनमा खर्च गरेको देखियो।वडा कार्यालयसँग सम्बन्धित नियमित खर्चहरु पालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट जिन्सी सामान खरिद, कार्यालय व्यवस्थापन, मर्मत र सरसफाई लगायतका कार्यमा खर्च गर्दा जिन्सी लगत अद्यावधिक नहुने, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा गाउपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ ।	
३५			सञ्चार खर्चः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।यस पालिकाले सञ्चार महशुल अन्तरगत १७५०००० विनियोजन भएकोमा रु १२८९३२७ खर्च जनाएको छ ।चालु खर्च शिर्षकमा भएको रकम विनियोजन भएको आर्थिक वर्षको लागि मात्र खर्च लेख्नुपर्ने आगामी आर्थिक वर्षको लागि समेत भुक्तानी गरेको तथा सञ्चार खर्च अन्तरगत पालिकाले भुक्तानी गर्नुपर्ने गरी जडान भएका इन्टरनेट सेवा प्रदायकको पहिचान नम्बर र स्थान खुल्ने गरी अभिलेख राखेको पाइएन । आगामी वर्षको लागि समेत हुने गरी भुक्तानी गरेको तथा इन्टरनेट शुल्क भुक्तानी गरेका सेवा प्रदायकले प्रदान गरेको राउटरको पहिचान नम्बर सहितको अभिलेख वेगरको भुक्तानी दिने परिपाटिमा नियन्त्रण हुनु पर्दछ ।तोकिएबमोजिमको	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			अभिलेख दिएका केही विवरणहरु निम्नानुसार रहेका छन् । व्यवस्थित अभिलेख राखेको सोही बमोजिम मात्र भुक्तानी दिनु पर्दछ ।	
३६			**वेदर्तासंग खरिदः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र	६०२,२००

क्र स	भौ न र मिति	सेवा प्रदायक	भुक्तानी रकम
१.	७ /२०७८/०६/१९	सुविसु केवलनेट (प्रा.) लि	६२,३४६.००
२.	१७ /२०७८/०६/२०	क्षिरेश्वर नेटवर्क प्रा.लि.	३०,०५८.००
३.	४९ /२०७८/०७/११	जे के ट्रेडर्स	१२,५०५.००
४.	११५ /२०७८/०९/०६	सुविसु केवलनेट (प्रा.) लि	१८,५९४.००
५.	११७ /२०७८/०९/१६	जे के ट्रेडर्स	१२,५००.००
६.	११९ /२०७८/०९/२०		१२,५००.००
७.	१४२ /२०७८/०९/२८	सुविसु केवलनेट (प्रा.) लि	१३,५००.००
८.	३७८ /२०७९/०३/२४	वेभ सर्फर नेपाल कम्यूनिकेशन	५,७६,०००.००
९.	४०५।२०७९।३।५	इ वे एम्बिसन स्टोर्स	९८८७५.००
१०.	४०५।२०७९।३।५	इ वे एम्बिसन स्टोर्स	९९४४०.००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>खरिद गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले निम्नानुसारको २० हजार भन्दा वढीको खरिदमा एक भन्दा वढी विल प्राप्त गरी स्थायी लेखा नम्बर विलका आधारमा भुक्तानी दिने गरेको छ। तोकिएको सीमा भन्दा वढीको खरिद मुल्य अभिवृद्धि करमा दर्ता भएकासँग खरिद गर्नुपर्ने तथा एकै फर्मबाट २० हजार भन्दा वढीको खरिदमा समेत एक भन्दा वढी विलप्राप्त गरी २० हजार भन्दा वढीको भुक्तानी गर्ने प्रवृत्तिमा सुधार हुनु पर्दछ। एकै फर्मबाट २० हजार भन्दा वढीको खरिदमा स्थायी लेखा नम्बर मात्रको विलबाट भएको भुक्तानी रु. ६०२२०० अनियमित देखिएको रु
<table>
<tr><th>क्र.स.</th><th>भौ न र मिति</th><th>खर्चको विवरण</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>११८।२०७८।९।२०</td><td>कार्यालयका कम्प्यूटर र प्रिन्टर नियमित मर्मत</td><td>चिपसेट कम्प्युटर सर्भिस सेन्टर</td><td>४५२२००</td></tr>
<tr><td>२.</td><td>३६२।२०७९।३।२४</td><td>सभा सञ्चालनको खाजा खर्च</td><td>मा जानकी डेरी उद्योग</td><td>१५००००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>६०२२००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>जिन्सी निरीक्षण - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०३ मा बरबुझारथ गर्नुपर्ने व्यवस्था छ भने नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले विगत वर्षहरुमा जिन्सीको जिम्मेवारी लिने कर्मचारीले बरबुझारथ नगरेको जनाई विगतको सम्पत्तिको अभिलेख अध्यावधिक गरेको छैन । साथै यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार समेत गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी कार्यालयमा रहेका सम्पुर्ण जिन्सी सामाग्रीको सहि सदुपयोग र व्यवस्थापन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८</td><td>128</td><td>२०</td><td>वढी दरमा खरिदः १२८।२०७८।९।२२ पालिकाले फोहर मैला व्यवस्थापन कार्यक्रम अन्तरगत डष्टविन खरिद गरेको छ । उक्त</td><td>६२,१५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
		७८-९-२२	डष्टविन खरिदका लागि लागत अनुमान र स्पेशिफिकेशन तयार गरेको तथा खरिद माग प्राप्त गरेको देखिदैन ।सोझै खरिदको सिमा भित्र रहेकोले ३ वटा फर्मसंग कोटैशन माग गरी खरिद गरेकोमा ८० वटा डष्टविन को खरिद रकमलाई १०० वटा डष्टविनको खरिद रकम संग तुलना गरी सुनकोशी हार्डवेयर एण्ड सप्लायर्स प्रा.लि. उक्त डष्टविन खरिद गरेको देखिन्छ । भौचरसाथ संलग्न अन्य फर्मको लागत दरभन्दा निम्नानुसारको वढि दरमा खरिद गरी अधिक व्ययभार पारेको रकम असुल गर्नुपर्ने देखिएको रु	

सामान	खरिद संख्या	रियल ड्रिम इन्जिनियरीङ्ग कन्सल्टेन्सि प्रा लि	खरिद दर	वढि दर	असुल हुनुपर्ने रकम
४० लि डष्टविन	८०	११५०	१२८२	१३२	१०५६०
७० लि डष्टविन	८०	१५५०	१९७५	४२५	३४०००
५५ लि डष्टविन	४८	१२५०	१७००	४५०	२१६००
१५ लि डष्टविन	५०	२८०	३००	२०	१०००
पेन्टिङ्ग	२५८	एकमुष्ठ ५३५००	८०	-३२८६०	-३२८६०
यातायात	एकमुष्ठ	३७०००	३९७००	२७००	२७००
अन्य	एकमुष्ठ	०	१८०००	१८०००	१८०००
			जम्मा		५५०००
			१३%		७१५०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>कुल व्ययभार</td><td></td><td>६२१५०</td></tr>
</table>
उल्लिखित खरिदमा डष्टविनको खरिदमा मात्रै रु ७५८९०।०० वढी व्ययभार परेको देखिन्छ ।
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>
सम्पत्तिको लेखाङ्कनः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ७८ मा कार्यालयले आफुले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्यामबाट प्राप्त गरेको सम्पत्तिको खर्च भएर जाने र खर्च भएर नजाने खातामा अभिलेख राख्नु पर्ने व्यवस्था छ । यस पालिकाले देहायबमोजि खरिद गरेका जिन्सी समान तथा सार्वजनिक हितका लागि निर्मित सचेतनामुलक अडियो भिडियो सामाग्रीहरु जिन्सी दाखिला गरेको देखिदैन ।सचेतनामुलक अडियो भिडियो तथा विज्ञापनहरु भविष्यमा पुनः प्रचार प्रसार गर्न र सोही किसिमका थप सचेतनामुलक अडियो भिडियो तयार गर्नका लागि उपयोग हुने भएकाले सेवा प्रदायकले पेन ड्राइभ तथा सिडिहरुमा उपलव्ध गराएको श्रब्य दृश्य सामाग्रीको विवरण खुल्ने गरी खर्च भएर नजाने जिन्सी खातामा अभिलेख नराखी भुक्तानी गर्ने गरेको छ ।यस किसिमको खर्च जनाँउदा पालिकाले दिएको कार्यादेश बमोजिमको श्रब्य दृश्य सामाग्री तयार भए नभएको परीक्षण गरी आवश्यकतानुसार सार्वजनिक प्रसारण गर्ने गराउने र अभिलेख राख्ने तर्फ ध्यान दिनु पर्दछ ।पालिकाको स्पेशिफिकेशन बमोजिम कार्यालय सामान तथा श्रब्य दृश्य सामाग्री प्राप्त भए नभएको एकिन नगरेको तथा उक्त सम्पत्तिको PAMS मा आम्दानी बाँधि सदुपयोग भएको सुनिश्चितता गर्नुपर्ने रु
<table>
<tr><th>क्र स</th><th>भौचर नम्बर र मिति</th><th>फर्मको नाम</th><th>खरिद विवरण</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>३०४।२०७९।१।२९</td><td>मण्डल इन्टरप्राइजेज</td><td>कार्यालय सामान</td><td>७२१७३१</td></tr>
<tr><td>२.</td><td>३७०।२०७९।३।२४</td><td>अफ द विट मिडिया प्रा लि</td><td>डकुमेन्ट्रि</td><td>४९५५०५</td></tr>
<tr><td>३.</td><td>२८९।२०७९।१।२८</td><td>सक्रिय मिडिया प्रा लि</td><td>पालिका वृत्त चित्र</td><td>२९४९३०</td></tr>
</table>
</td><td>२,००९,३६६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४.</td><td>११।२०७८।६।२०</td><td>आयुष्मान कन्सल्टेन्सी प्रा लि</td><td>सचेतनामुलक श्रव्य सामाग्री</td><td>४९७२००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२००९३६६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>कर्मचारी व्यवस्था -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले जनशक्ति व्यवस्थापनको लागि व्यवस्थापन सर्वेक्षण गरेको देखिएन । व्यवस्थापन सर्वेक्षण वेगरै स्वीकृत दरवन्दी समेत नभएको अवस्थामा करारमा कर्मचारी नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो । पालिकाको कामको लागि आवश्यक कर्मचारी दरवन्दीनै एकिन नगरेकोले पालिकाको जनशक्ति पदपूर्ति सम्बन्धमा थप विष्लेशण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>सफ्टवेयर सञ्चालन खर्चः : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १ मा खर्चको पुष्ट्याँई सहित लेखा राख्नुपर्ने व्यवस्था रहेको छ ।यस कार्यालयले विगत आर्थिक वर्षहरुदेखिनै निम्नानुसारका सफ्टवेयरहरु खरिद गरेको छ । विगत आर्थिक वर्षहरुमा समेत यि सफ्टवेयहरु खरिदको उद्देश्यअनुरुप उपयोगमा नरहेको उल्लेख भएकोमा यस बर्ष वार्षिक सपोर्ट खर्च वापत रु ११७३१२५।० भुक्तानी गरेको छ ।संझौता लेखापरीक्षणको क्रममा उपलव्ध भएन । पेरोल व्यवस्थापन सुत्र प्रणालीबाट जिन्सी व्यावस्थापन PAMS बाट गर्न सकिने हुँदा यस्ता सफ्टवेयरको आवश्यकता पने देखिदैन । तसर्थ यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th>भौचर नम्बर र मिति</th><th>फर्माको नाम</th><th>सफ्टवेयरको विवरण</th><th>यस वर्षकोभुक्तानी</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>१५।२०७८।६।२०</td><td>सफ्टेक इन्फोसिस प्रा लि</td><td>पेरोल व्यवस्थापन प्रणाली</td><td>१९५१२५</td></tr>
<tr><td>९६।२०७८।८।७</td><td>प्रोप्राइटी आई टी सोलुसन</td><td>जिन्सी व्यवस्थापन प्रणाली</td><td>४९८०००</td></tr>
<tr><td>१००।२०७८।८।८</td><td>फुलबारी इन्जिनियरीङ्ग प्रा ली</td><td>ई हाजिरी उपकरण र प्रणाली खरिद</td><td>४८००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>करार कर्मचारीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले जनशक्ति व्यवस्थापनको लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको देखिएन । व्यवस्थापन सर्वेक्षण वेगरै स्वीकृत दरवन्दी समेत नभएको अवस्थामा करारमा कर्मचारी नियुक्ति गरी रु ४९८७१०५।०० तलव भत्ता भुक्तानी गरेको पाइयो । पालिकाको कामको लागि आवश्यक कर्मचारी दरवन्दीनै एकिन नगरेकोले पालिकाको जनशक्ति पदपूर्ति सम्बन्धमा थप विश्लेशण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>तालिम सञ्चालनः सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ ।त्यस्तै दफा ३१ मा प्रस्ताव माग गर्ने र प्रस्तावदाताको काम सम्बन्धी अनुभव, परामर्शदाताले प्रस्तावित काम सम्पादन गर्ने मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्यजनशक्तिको योग्यता जस्ता मूल्यांकनको आधारहरु तोकेको छ । तर पालिकाले देहायका संञ्चालनका लागि संस्था छनौट गर्दा तालिम प्रदायक प्रस्तावदाताहरु मौजुदा सूचिमा समावेश भएको जनाएतापनि उपर्युक्त आधारहरुबाट प्रस्तावदाताहरुको मूल्याकंन गरेको देखिएन । एकमुष्ठ रुपमा प्रस्तावदाताहरुसँग प्रस्ताव माग गरी सोही सबैभन्दा घटी कबोलकर्तालाई छनौट गरेको छ । जसले उक्त संस्थाहरु मार्फत दिइएको तालिमको गुणस्तरीता प्रति आश्वस्त हुन सकिएन । तसर्थ सार्वजनिक खरिद ऐनले तोकेको प्रक्रियाहरु</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			पूर्ण पालना गरी प्रस्तावदाता छनौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।	

क्र.स	भौ न र मिति	तालिमको विवरण	विनियोजित बजेट	खर्च रकम
१.	३९१।२०७९।३।२४	समुदायमा आधारित प्राथमिक उपचार तालिम	५००००	४९३५८४
२.	३९२।२०७९।३।२४	विपद् व्यवस्थापन तालिम	५००००	४९०००२
४.	२९६।२०७९।१।२९	न्यायिक समिति कानुनी शिक्षा साक्षरता तालिम	५००००	४९८०००
५.	१८६।२०७८।१०।२५	कृषि सम्बन्धी तालिम	२०००००	१९८४२८
६.	१८७।२०७८।१०।२५	मुस्लिम समुदायलाई जनचेतना मुलक तालिम	३०००००	२९८३२०
७.	१९३।२०७८।१०।२५	कर्मचारीहरुलाई सकारात्मक सोच सम्बन्धी अभिमुखीकरण तालिम	२०००००	१९२१००
८.	१९४।२०७८।१०।२५	वालश्रम न्यूनिकरण सम्बन्धी तालिम	५००००	४९३५८४
९.	१९५।२०७८।१०।२५	महिला सशक्तिकरण तालिम	१००००००	९८९८८०
१०.	१९७।२०७८।१०।२५	मानव संसाधन विकास लक्षित तालिम	५००००	४८९२९०
११.	१९८।२०७८।१०।२५	वालवालिका लक्षित योजना वालमैत्री गाउँपालिका तालिम	५००००	४९३५८४
१२.	२००।२०७८।१०।२५	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम	५००००	४९३८१०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३.</td><td>२१९।२०७८।११।२३</td><td>लोकसेवा तयारी कक्षा सञ्चालन</td><td>५०००००</td><td>४९७१००</td></tr>
<tr><td>१४.</td><td>२९२।२०८९।१।१८</td><td>कृषि तथा पशुपालन तालिम</td><td>५०००००</td><td>४९८८५९</td></tr>
<tr><td>१५.</td><td>२९०।२०७९।१।२८</td><td>दलित आदिवासी जनजातीलाई सचेतनामुलक तालिम सम्बन्धी तालिम</td><td>५०००००</td><td>४९९४६००</td></tr>
<tr><td>१६.</td><td>२९१।२०७९।१।२८</td><td>द्वन्द व्यवस्थापन सम्बन्धी तालिम</td><td>५०००००</td><td>४९९४६०</td></tr>
<tr><td>१७.</td><td>२९३।२०७९।१।२८</td><td>विद्यालयमा सरसफाई सम्बन्धी तालिम</td><td>३०००००</td><td>२९९४५०</td></tr>
<tr><td>१८.</td><td>१२।२०७८।६।२०</td><td>सचेतनामुलक सडक नाटक</td><td>५०००००</td><td>४९७२००</td></tr>
</table>

पालिकाले मुडा बनाउने तालिम, गुनासो व्यवस्थापन प्रणाली सम्बन्धी तालिम उपभोक्ता समितिको लागि योजना सञ्चालन तथा व्यवस्थापन तालिम, मानव संशाधन विकास कर्मचारीहरुलाई क्षमता विकास तालिम, इ विडिङ्ग सम्बन्धी तालिम, अगरबत्ती सम्बन्धी सीपमुलक तालिम, सिलाइकटाइ सम्बन्धी तालिम, कृषि सम्बन्धी तालिम सञ्चालनको लागि सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरेकोमा उक्त तालिम हरु सञ्चालन हुन नसकेको जनाएको छ । अत निर्धारित तालिम कार्यक्रम संञ्चालन गरी लक्षित उपलब्धि हासिल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४५.१</td><td>175</td><td>२०७८-१०-१६</td><td>कर्मचारी मार्फत तालिमः घटना दर्ता किताब डिजिटाइजेसन सम्बन्धी अभिमुखिकरण तालिमका लागि कम्प्युटर अपरेटरलाई रु ४ लाख पेश्की प्रदान गरेकोमा पौष ९ देखि १३ गते सम्म सञ्चालन गरी भौचर नम्बर ४३३ मिति २०७९।३।३१ मा फर्छ्यौट गरेको देखिन्छ तथा वडा सचिवहरुलाई घटना दर्ता सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गर्न लालबाबु महतोलाई प्रदान भएको रु २००००० भौचर नम्बर १७५ मिति २०७८।१०।१६ मा खर्च जनाएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

दोहोरो खाजा खाना भत्ताः प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ मा तालिम कार्यक्रममा प्रशिक्षक भत्ता प्रदान गर्नको लागि कक्षा</td><td>८१,२५०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कम्तिमा १ घण्टा ३० मिनेटको हुनुपर्ने उल्लेख छ ।उक्त दुवै तालिमहरु विहान ६:३०देखि ११:३० सम्म सञ्चालन गरेको जनाएकोमा तालिम सञ्चालन गरेको जनाएकोमा घटना दर्ता किताब डिजिटाइजेसन सम्बन्धी अभिमुखिकरण तालिमको फ्लेक्समा विहान ८ बजे देखि मात्र सञ्चालन गरेको उल्लेख छ भने र वडा सचिवहरुलाई घटना दर्ता सम्बन्धी अभिमुखिकरण तालिम विहान ७:३० बजेदेखि सञ्चालन भएको देखिने तस्विहरु खर्चको विलभरपाइसाथ संलग्न गरेको देखिन्छ । दैनिक ४ घण्टाको तालिममा खाजा र खाना समेत खर्च जनाएको छ । घटना दर्ता किताब डिजिटाइजेसन सम्बन्धी अभिमुखिकरण तालिममा खाजाको लागि रु ४८२५० र खानाको लागि रु ६१२५० समेत रु १०९५०० र वडा सचिवहरुलाई घटना दर्ता सम्बन्धी अभिमुखिकरण तालिममा खाना बापत रु ४५५०० र खाजा बापत ३५७५० समेत रु ८१२५० खर्च जनाएको छ । चार घण्टाको तालिममा खाना र खाजा को दोहोरो खर्च भएको अनियमित देखिएको रु	
४५.२	175	२०७८-१०-१६	**प्रशिक्षण भत्ताः** एक घण्टा ३० मिनेटको कक्षाको लागि मात्र प्रशिक्षण खर्च भुक्तानी गर्न मिल्ने उल्लेख भएकोमा प्रतिवेदन साथ पेश भएको प्रशिक्षण तालिकामा सम्पुर्ण कक्षाहरु १ घण्टा को मात्रै रहेको जनाएको तथा दैनिक ३० मिनेटको रिफ्रेशमेन्ट ब्रेक सहितको ४ घण्टाको तालिममा ६ वटा कक्षा १ घण्टा ३० मिनेटको हुन नसक्ने देखिएकोले घटना दर्ता किताब डिजिटाइजेसन सम्बन्धी अभिमुखिकरण तालिमको प्रशिक्षण भत्ता वापत भुक्तानी रकम रु ४८००० र वडा सचिवहरुलाई घटना दर्ता सम्बन्धी अभिमुखिकरण तालिमको प्रशिक्षण भत्ता वापतको भुक्तानी भएको रु १९२०० समेत ६७२०० अनियमित देखिन्छ ।	६७,२००
४६			**इन्धन खर्च मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । साथै आफ्नो कार्यालयको नाममा दर्ता भएका सवारी साधन बाहेक अन्य कुनै पनि सवारी साधनमा सरकारी खर्चको इन्धन प्रयोग गर्न पाइने छैन भन्ने उल्लेख छ । पालिकाले यस वर्ष रु. २७२९२४९।०० को इन्धन खर्च गरेको देखिन्छ । इन्धन खर्चको मापदण्ड तयार गरेको तथा सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । पालिकाले शान्ति शुरक्षाको लागि पालिकामा नियमित गस्ति तथा सुरक्षा पहरा दिएको जनाई सुरक्षा निकायहरुको लगायतका अन्य निकायको समेत इन्धन खर्च भुक्तानी गर्ने गरेको छ । अन्य निकायको खर्च भुक्तानी गर्दा सम्बन्धित निकायको तालुक	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			निकायलाई जानकारी गराई स्विकृती लिई व्यवस्थित अभिलेख राखि मात्र खर्च लेख्नु पर्छ । पालिकाले इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्च मापदण्ड निर्धारण गर्ने तथा इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने गर्नु पर्दछ ।	
४७			**शिक्षा तर्फ**	
४७.१			**शिक्षण शिकाई सामाग्रीः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को क्रियाकलापन नं २.७.१३.३ मा प्राविधिक धार संचालन गर्ने अनुपति प्राप्त गरेका विद्यालयलाई विद्यार्थी संङ्ख्या यकिन गरी शिक्षण सिकाई सामग्री ल्याव असिष्टेण्टका लागि पारिश्रमिक भनी कक्षा ९ देखि १२ विद्यार्थीलाई प्रति विद्यार्थी रु १५०००।० का दरले एकमुष्ट अनुदान दिन सक्ने व्यवस्था छ । गाउँपालिकाले कक्षा ९ देखि ११ सम्मका ११६ विद्यार्थीलाई रु १७४००००।० रकम निकासा गरेकोमा सोको प्राथमिक तह तृतीय श्रेणीका शिक्षक ल्याव असिष्टेण्ट नियुक्त गरी पारिश्रमिक दिएको तथा अन्य कुनै विल भरपाई पेश नगरेकोले सोको विल भरपाई तथा प्रमाण पेश गर्नुपर्दछ ।	
४७.२			**बढी छात्रावृत्ति रकमः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ अनुसार प्रति विद्यार्थी रु ४००।० का दरले ईमिस तथ्यांङ्कको आधारमा विद्यालयलाई छात्रावृत्ति रकम निकासा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न विद्यालयलाई ईमिस तथ्यांङ्क भन्दा बढी विद्यार्थी संख्यालाई छात्रावृत्ति रकम निकासा गरेकोले सो रकम सम्वन्धित विद्यालयबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु	११२,८००

Name	Girls	dalit boy	grand total	निकासाहुनुपर्ने रकम	निकासारकम	बढीरकम	कैफियत
SHIVA SHAKTI MA VI BATESHWAR	514	94	608	243200	२८९२००	४६०००	कुनै भरपाईसमेत भरपाई समेत नआएको

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

Janajati Pra V Bateshwar	84	39	123	49200	५५६००	६४००	
Baudha Mandir Pra V Bateshwar	70	6	76	30400	३३२००	२८००	
Devki Namuna Aadharbhut Vi.Bateshwor-3	112	12	124	49600	७२४००	२२८००	
Janapriya Ma V Bhuchakrapur	156	12	168	67200	५२४००	८०००	१४५ जनालाई५९२०० वितरण
M M R D Pra V Janamuktinagar	46	9	55	22000	३६४००	१४४००	
Pra V Shantipur ५	72	40	112	44800	५७२००	१२४००	
				0	जम्मा	११२८००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७.३			**इन्टरनेट खर्चः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को क्रियाकलापन नं २.७.१३.१० मा ईन्टरनेट बापत प्रति विद्यालयल बार्षिक १२०००।० उपलब्ध गराउने व्यवस्था अनुसार विद्यालयले सो रकम ईन्टरनेट शुल्कमा खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ईन्टरनेट बापत रकम पठाएकोमा लेखापरीक्षणको अवधिसम्म विद्यालयले ईन्टरनेट जोडी खर्च गरेको विल भरपाई पेश नगरेकोले सो रकम असुल गर्नुपर्ने रु	२४,०००

विद्यालय	रकम
शिवशक्ति नमुना मावि	१२०००।०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जनप्रिय मा वि</td><td>१२०००।०</td></tr><tr><td></td><td>२४०००।०</td></tr></table></td><td></td></tr>
<tr><td>४७.४</td><td></td><td></td><td>दिवा खाजाः शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्यानरत बालबालिकाहरुका IEMIS तथ्यांक तथा विद्यार्थीको हाजिरी संख्याको आधारमा प्रति विद्यार्थी १५ का दरले १८० दिनसम्मको खाजा खर्च दिन सक्ने व्यवस्था छ । गाउँपालिकाले निम्न विद्यालयलाई दिवा खाजा निकासा गरेकोमा विद्यालयले पाउने भन्दा बढी दिवा खाजा निकासा गरेको तथा गाउँपालिका शिक्षा शाखाले समेत चं नं १६ मिति ०७९।४।१८ मा बढी दिवा खाजा रकम दाखिला गर्न भनी पत्र समेत लेखेकोमा लेखापरीक्षण अवधिसम्म समेत सो रकम दाखिला नगरेकोले सो रकम दाखिला गर्नुपर्ने रु

<table><tr><td>विद्यालय</td><td>रकम</td></tr><tr><td>श्री बौद्ध मन्दिर रा. आ. वि वटेश्वर</td><td>३०४५०।०</td></tr><tr><td>श्री म.म.र.दे.रा आ. वि जनमुक्तिनगर</td><td>२८९६५।०</td></tr><tr><td>श्री रा. आ. वि विजयपुर</td><td>३९१५।०</td></tr><tr><td>श्री वि. पि. रा. आ वि निरसपुर</td><td>९५४०।०</td></tr><tr><td>श्री राजेश्वर रानी रा. आ. वि</td><td>५२१४०।०</td></tr><tr><td>जम्मा</td><td>१२५०१०</td></tr></table></td><td>१२५,०१०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४७.५			**महगी भत्ताः** अर्थ मन्त्रालयको मिति २०७९।१।२१ को चं न १७१९ को महगी भत्ता उपलब्ध गराउने सम्बन्धी परिचपत्रमा नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरवन्दीका करारमा कार्यरत कर्मचारिलाई महगी भत्ता दिन नमिल्ने व्यवस्था भने शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को खण्ड २(२.२) मा महगी भत्ता सम्बन्धमा तोकिए अनुसार दिने व्यवस्था गरेको छ । पालिकाले पालिकाभित्रका विद्यालयमा कार्यरत ४० करार शिक्षकलाई ९६००००।० महगी भत्ता लेखेको छ । यस सम्बन्धमा कार्यालयले तालुक निकायवाट निकासा लिई एकिन गर्नुपर्दछ ।	
४७.६			**बढी तलव निकासाः** पालिकाले तेश्रो गाउपालिकातर्फको करार कर्मचारीलाई तलव निकासा गर्दा बैषाख जेठ र असार गरी ३ महिनाको रु ५७८४००।० मात्र निकासा गर्नुपर्नेमा ४ महिनाको रु ७७१२००।० निकासा भएकोले बढी १ महिनाको ४ विद्यालयका ९ शिक्षकलाई निकासा भएको रु १९२८००।० असुल गरी दाखिला गर्नुपर्ने रु	१९२,८००

सि.नं.	शिक्षक	रकम
१	मनोज कुमार साह	१६५००
२	राम भरोश मंडल	१६५००
३	सावित्री कुमारी सिंह	८०००
४	जितेन्द्र फनैत	३०२००
५	उमाकान्त सिंह	३०२००
६	अमृता सिंह	१४५००
७	राम नारायणलाल कर्ण	१६५००
८	सुनिल कुमार महतो	३०२००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>ममता कुमारी महतो</td><td>३०२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१९२८००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४७.७</td><td></td><td></td><td>
पाठ्यपुस्तक अनुदान- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.४.६.१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र पाठयपुस्तक अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निकासा गर्दा IEMIS मा प्रविष्टि भएको विद्यार्थी संख्या भन्दा बढी विद्यार्थी संख्या राखी पाठ्यपुस्तक अनुदान निकासा गरेको छ । अत IEMIS संख्या भन्दा बढी विद्यार्थी संख्या राखी निकासा भएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><td>P|D|LL|S</td><td>G1</td><td>G2</td><td>G3</td><td>G4</td><td>G5</td><td>G6</td><td>G7</td><td>G8</td><td>G9</td><td>G10</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Name</td><td>Total</td><td>Total</td><td>Total</td><td>Total</td><td>Total</td><td>Total</td><td>Total</td><td>Total</td><td>Total</td><td>Total</td><td>Total</td><td>निकासा हुनुपर्ने रकम</td><td>निकासा भएको रकम</td><td>बढी रकम</td></tr>
<tr><td>Janapriya Ma V Bhuchakrapur</td><td>34</td><td>23</td><td>26</td><td>20</td><td>30</td><td>23</td><td>40</td><td>62</td><td>46</td><td>46</td><td>350</td><td>228258.6</td><td>299470</td><td>71211.4</td></tr>
<tr><td>Ra Adhar V Sitapur</td><td>26</td><td>52</td><td>46</td><td>33</td><td>49</td><td>46</td><td>58</td><td>39</td><td>0</td><td>0</td><td>349</td><td>219103.6</td><td>225019</td><td>5915.4</td></tr>
<tr><td>Pra V Bardoriya</td><td>36</td><td>36</td><td>41</td><td>21</td><td>21</td><td>18</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>173</td><td>96579.3</td><td>123093</td><td>26513.7</td></tr>
<tr><td>Kali Jan Joyti Ra Pra Vi Shantipur</td><td>46</td><td>45</td><td>62</td><td>46</td><td>37</td><td>17</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>253</td><td>139858.1</td><td>149077</td><td>9218.9</td></tr>
</table>
</td><td>११२,८५७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>683799.6</td><td>796659</td><td>112857</td></tr></table></td><td></td></tr>
<tr><td>४७.८</td><td>३।०७८।।२५</td><td></td><td>स्यानिटरी प्याड- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिका भित्रका ६ सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १०७५ जना रहेका छन। पालिकाले संजय जेनरल सप्लायर्सवाटबाट २४५७७ थान स्यानिटरी प्याड रु. १०९६९९४।० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि वितरण गरेको देखिन्छ। खरिद गरिएको सामान सम्झौता अनुसार भए नभएको कार्यालयले यकिन गरी प्रतिवेदन तयार गरेको छैन ।</td><td></td></tr>
<tr><td>४७.९</td><td></td><td></td><td>शिक्षक पूर्ति तथा दरवन्दीः स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयमा दरवन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । गाउँपालिका अन्तर्गतका विभिन्न तहका सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एव विद्याथीको संख्या निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र स</th><th rowspan="2">विद्यालयको नाम</th><th rowspan="2">विद्यार्थी संख्या</th><th colspan="4">आधारभुत विद्यालय</th><th colspan="4">माध्यमिक विद्यालय</th><th colspan="2">बाल विकास</th><th colspan="2">कर्मचारी</th></tr>
<tr><th>दरवन्दी</th><th>स्थायी</th><th>अस्थायी राहत</th><th>रिक्त</th><th>दरवन्दी</th><th>स्थायी</th><th>अस्थायी</th><th>रिक्त</th><th>दरवन्दी</th><th>पदपुर्ति</th><th>कास</th><th>लेखा</th></tr>
<tr><td>1</td><td>श्री शिवशक्ति नमुना मावि बटेश्रवर</td><td>1608</td><td>13</td><td>7</td><td>6</td><td>0</td><td>12</td><td>5</td><td>6</td><td>1</td><td>2</td><td>2</td><td>1</td><td>1</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

2	श्री जनप्रिय मावि	387	7	7	0	0	2	1	1	0	2	2	1	0
3	श्री लक्ष्मी मावि	529	9	5	4	0	2	1	1	0	2	2	1	1
4	श्री आवि बटेश्रवर	204	11	3	8	0	0	0	0	0	1	1	1	0
5	श्री आवि सितापुर	363	5	3	0	2	0	0	0	0	2	2	1	0
6	श्री जनजाति आवि बटेश्वर	159	3	0	3	0	0	0	0	0	2	2	1	0
7	श्री बौद्ध मन्दिर आवि	154	4	3	0	1	0	0	0	0	2	2	1	0
8	श्री देवकी नमुना आवि	408	1	0	1	0	0	0	0	0	2	2	1	0
9	श्री रा आवि शान्तिपुर	212	5	4	1	0	0	0	0	0	3	3	1	0
10	रा आवि बरदोरिया	171	2	1	1	0	0	0	0	0	2	2	1	0
11	श्री काली जनज्योती आवि बटेश्वर	267	0	0	0	0	0	0	0	0	3	3	1	0
12	श्री रा आवि रमौलीटोल	130	3	1	2	0	0	0	0	0	2	2	1	0
13	श्री राजेश्वरी रानी रा आवि भुचक्रपुर	101	0	0	0	0	0	0	0	0	2	2	0	0
14	श्री रावि विजयपुर	66	4	3	1	0	0	0	0	0	1	1	1	0
15	श्री म म रा आ वि जनमुक्तिनगर	172	4	1	3	0	0	0	0	0	2	2	1	0

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>16</td><td>श्री वि पि आवि बटेश्वर</td><td>64</td><td>2</td><td>0</td><td>2</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>2</td><td>2</td><td>1</td><td>0</td></tr>
<tr><td></td><td>जम्मा</td><td>4995</td><td>73</td><td>38</td><td>32</td><td>3</td><td>16</td><td>7</td><td>8</td><td>1</td><td>32</td><td>32</td><td>15</td><td>2</td></tr>
</table>
गाउँपालिका भित्रका १६ विद्यालय रहेकोमा केही विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखिन्छ । विद्यार्थी संख्या पहुँच लगायतका व्यहोरालाई आधार बनाई विद्यालयलाई एक आपसमा गाभी सरकारी खर्चलाई प्रभावकारी बनाउनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>स्वास्थ्य तर्फ</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>तलवी प्रतिवेदन- निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ|पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट स्वास्थ्य तथा आयूर्वेद तर्फका कर्मचारीको रु. १८४१०७२२।० तलव खर्च लेखेकोमा तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको छ । यसरी वर्ष लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>स्वयमसेवकलाई यातायात खर्चः स्वास्थ्य सेवा विभागबाट प्रकाशित स्थानीय तहहरुको कार्यक्रम संचालन मार्गदर्शन २०७८ मा आर्थिक वर्ष २०७८।७९ को बजेट बक्तब्यको बुदा नं ३६ मा महिला स्वास्थ्य स्वयंमसेवकलाई बार्षिक १२०००।० यातायात खर्च उपलब्ध गराउने व्यवस्था गरेको छ । गाउँपालिकाले स्थानीय तहमा रहेका ३६ स्वयंमसेवकलाई बार्षिक रु ४३२०००।० मात्र खर्च लेख्नुपर्नेमा निम्न भौचरबाट र ५५६००० खर्च लेखेकोले बढी १२४०००।० खर्च लेखेको सम्वन्धित स्वमंसेवकबाट असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>भौचर तथा मिति</th><th>विवरण</th><th>रकम</th></tr>
</table>
</td><td>१२४,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>५८।०७८।१०।६४</td><td>३५ जनालाई यातायात खर्च</td><td>२३५०००।०</td></tr><tr><td>११८।७९।३।२४</td><td>३६ जनालाई यातायात खर्च</td><td>३२१०००।०</td></tr><tr><td></td><td>जम्मा</td><td>५५६०००।०</td></tr></table></td><td></td></tr>
<tr><td>४८.३</td><td></td><td></td><td>तालिम तथा अन्य कार्यक्रमः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(८) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालिम, सेमिनार, गोष्ठी तथा कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा विल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संञ्चालन गरेका स्वास्थ्य तथा अन्य कार्यक्रममा नियमावलीले निर्देश गरे अनुसारको प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगराई कार्यक्रम तथा तालिम गर्ने गरेको छ । पालिकाले नियमावली अनुसार तालिम तथा कार्यक्रम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४८.४</td><td></td><td></td><td>कोभिड खोप संचालनः स्वास्थ्य सेवा विभागबाट प्रकाशित स्थानीय तहहरुको कार्यक्रम संचालन मार्गदर्शन २०७८ मा कोभिड खोप संचालन हुदा सुपरिवेक्षण तथा अनुगमन बापत खोप संचालन अवधिमा स्वास्थ्य प्रमुख वा अन्य स्वास्थ्यकर्मी खोप केन्द्रमा सहयोग गरेवापत प्रतिदिन ८००।० र वडा समुदाय स्तरमा संचालन हुदा सुपरिवेक्षकलाई प्रतिदिन रु १०००।० को दरले दिन सक्ने व्यवस्था छ । गाउँपालिकाले खोप संचालन गरेको अनुगमन तथा सुपरिवेक्षण चेक लिष्ट अनुसार खोप संचालन तथा सुपरिवेक्षण गरेको दिन भन्दा बढी दिनको भत्ता खर्च दावी गरी सोही अनुसार खर्च लेखेकोले बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु
<table><tr><th>भौचर तथा मिति</th><th>नाम</th><th>अनुगमन तथा सुपरिवेक्षण चेक लिष्ट अनुसार हुने</th><th>खर्च लेखेको</th><th>बढी खर्च रकम</th></tr></table></td><td>२७,२००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="4">६०।०७८।१०।२४</td><td>रुद्र नारायण यादव</td><td>१२०००।०</td><td>१४४००</td><td>२४००।०</td></tr>
<tr><td>मुकेश साह</td><td>५६००।०</td><td>१०४००।०</td><td>४८००।०</td></tr>
<tr><td>गुरु शरण महतो</td><td></td><td>१०४००।०</td><td>१०४००।०</td></tr>
<tr><td>रमेश कुमार महतो</td><td></td><td>९६००।०</td><td>९६००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>२७२००।०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>कृषि कार्यक्रम</td><td></td></tr>
<tr><td>४९.१</td><td></td><td></td><td>अनावश्यक खरिद गरी नष्टः ३८।०७८।।२२ कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि २०७८ को दफा २५(७घ)(अ) मा उन्नत विउ वितरण गर्दा लाभग्राहीसंगको सम्झौता वा माग संकलनको आधारमा खरिद गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कार्यविधि बमोजिम नगरी कृषकलाई अनुदान दिन मनोज विज भण्डार रौतहट बाट २८५७१ केजी गहुँको विउँ रु १९९९९७०।० मा खरिद गरी ५६७ कृषकलाई ४० केजीका दरले र ९१ कृषकलाई १५ केजीका दरले गरी ६५८ कृषकलाई २४०४५ केजी गहुँ वितरण गरेको छ । बाँकी ४५२६ केजी विउको भरपाइ माग गर्दा मौज्दातमा नै रही खराब भैसकेको कार्यालयले जनाएको छ । यसरी कार्यालयले लाभग्राहीसंग सम्झौता तथा लाभग्राहीको मागको आधारमा खरिद नगरी अनुमानको आधारमा खरिदगर्दा ४५२६ केजी गहुको रु ३१६८२०।० बराबरको मौज्दात रही नष्ट भएको कारण सरकारी रकमको दुरुपयोग भएको देखिन्छ । पालिकाले कृषि विकास कार्यक्रम सञ्चालन सम्वन्धि कार्यविधि बमोजिम वितरण नगरी मौज्दातमा राखी नष्ट हुन दिएकोले नियमित नदेखिएको रु</td><td>३१६,८२०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>वडा नं</th><th>कृषक संख्या</th><th>गहु वितरण दर(केजी)</th><th>जम्मा(केजी)</th></tr>
<tr><td>१</td><td>३१</td><td>४०</td><td>१२४०</td></tr>
<tr><td>१</td><td>९१</td><td>१५</td><td>१३६५</td></tr>
<tr><td>२</td><td>६०</td><td>४०</td><td>२४००</td></tr>
<tr><td>३</td><td>१६९</td><td>४०</td><td>६७६०</td></tr>
<tr><td>४</td><td>१४९</td><td>४०</td><td>५९६०</td></tr>
<tr><td>५</td><td>१५८</td><td>४०</td><td>६३२०</td></tr>
<tr><td></td><td></td><td>जम्मा वितरित गहुँको विउँ</td><td>२४०४५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९.२</td><td>३८।०७८।।२२</td><td></td><td>गहुँ विउँ वितरणः कृषि विकास कार्यक्रम संञ्चालन सम्बन्धि कार्यविधि २०७८ को दफा ५ मा अनुदानको सीमा तोकेको छ ।साथै दफा २५(७घ)(अ) मा उन्नत विउ वितरण गर्दा लाभग्राहीसंगको सम्झौता वा माग संकलनको आधारमा गहुको विउमा ५० प्रतिशत अनुदान गर्न सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले कृषकलाई अनुदान दिन मनोज विज भण्डारबाट २८५७१ केजी रु १९९९९७०।० मा खरिद गरी ६५८ कृषकलाई शत प्रतिशत अनुदानमा उपलब्ध गराएको छ । कार्यविधि बमोजिम गहुको विउ वितरण गर्दा ५० प्रतिशत कार्यालयले र बाँकी ५० प्रतिशत कृषकले व्यहोर्नुपर्नेमा सो अनुसार नगरी शत प्रतिशत कार्यालयबाट व्यहोरी अनुदान उपलब्ध गराएकोले ५० प्रतिशतले हुने रु ९९९९८५।० सम्वन्धित लाभग्राही कृषकबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्ने रु</td><td>९९९,९८५</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>सामाजिक सुरक्षा</td><td></td></tr>
<tr><td>५०.</td><td></td><td></td><td>रकम फ्रिज हुनेः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १८(१) मा स्थानीय तहले भत्ता वापत निकासा प्राप्त</td><td>३७,३५४</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोबार बन्द गर्नुपर्नेछ तथा दफा उपदफा २ मा उपदफा १ बमोजिम आर्थिक कारोवार बन्द गरेपछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अद्यावधिक गरी बैक सँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सामाजिक सुरक्षाको हिसाब अद्यावधिक गरेको छैन । बैकले दिएको रिर्भ्स फिड एवं सबै त्रैमासिकको हिसाव परिक्षण गर्दानिम्न भौचरबाट रु ६६८१८९०२।० निकासा भएकोमा बैकले लाभग्राहिको खातामा ६६३५६३४५।० जम्मा गरी बैकमा रु ४५९५५७।० फिर्ता गर्नुपर्ने देखिन्छ । बाँकी रकम मध्ये रु ४२२२०३।० फिर्ता भएको छ । बाँकी रु ३७३५४।० कार्यालयले यकिन गरी फिर्ता ल्याउनुपर्ने रु

<table>
<tr><th>भौचर मिति</th><th>निकासा रकम</th><th>deposti amount</th><th>बाकी रकम</th></tr>
<tr><td>१।०७८।९।१७</td><td>१६७७३०१६</td><td>15894926</td><td>८७८०९०</td></tr>
<tr><td>२।०७८।१२।९</td><td>१६२९३९८८</td><td>16498827</td><td>-२०४८३९</td></tr>
<tr><td>३।०७९।२।१८</td><td>१६७२८८१४</td><td>16870926</td><td>-१४२११२</td></tr>
<tr><td>४।०७९।३।२४</td><td>१७०२००८४</td><td>१७०९१६६६</td><td>-७१५८२</td></tr>
<tr><td>जम्मा</td><td>६६८१५९०२</td><td>६६३५६३४५</td><td>४५९५५७</td></tr>
<tr><td></td><td></td><td>फिर्ता हुनुपर्ने</td><td>४५९५५७</td></tr>
<tr><td></td><td></td><td>फिर्ता भएको रकम</td><td>४२२२०३</td></tr>
<tr><td></td><td></td><td>बाँकी रकम</td><td>३७३५४</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०.२</td><td></td><td></td><td>लगत कट्टाको अभिलेखः सामाजिक सुरक्षा संचालन कार्यविधि २०७७ को दफा ११ मा कुनै लाभग्राही मृत्य भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कानुन बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मुल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरको देखिएन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीले पनि भत्ता पाइरहेको हो या होइन भनी एकिन गर्न सकिएन । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।	
५०.३			**दोहोरो भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ अनुसार भत्ता वितरण गर्दा दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले एन एम वि बैकबाट लाभग्राहीको खातामा भत्ता रकम वितरण गर्दा दोहोरो हुने गरी (२ पटक) रु ७००४३।० वितरण भएकोले एकपटकको रकम सम्बन्धित लाभग्राहीबाट असुल हुनुपर्ने रु	७०,०४३

कैफियत	Member Name	Bank Account Number	Deposited Amount	
दोहोरो	Aaryan Kumar Mahato	1020168703600019	1596	वडा १ पहिलो किस्ता
	Aaryan Kumar Mahato	1020168703600019	1596	
दोहोरो	Aayush Kumar Mahato	1020168707900016	1596	
	Aayush Kumar Mahato	1020168707900016	1596	
दोहोरो	Aayush Kumar Singh	1020168699200019	1596	
	Aayush Kumar Singh	1020168699200019	1596	
दोहोरो	Bishal Prasad Singh	1020168692500017	1596	
	Bishal Prasad Singh	1020168692500017	1596	
दोहोरो	Saksham Shah	1020168725800015	1596	वडा३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	Shrishti Shah	1020168725800015	1596	पहिलो किस्ता
दोहोरो	Shogiya Devi Mahra	1020063067200011	7980	वडा४ पहिलो किस्ता
	Sohagiya Devi Mahara	1020063067200011	7980	
दोहोरो	Shrawan Kumar Sah	1020168767600017	1596	
	Shrawan Kumar Sah	1020168767600017	1596	
दोहोरो	Jilebiya Devi	1020169652500016	12000	वडा नं२ दोश्रो किस्ता
	Jilebiya Devi	1020169652500016	12000	
दोहोरो	Janaki Devi Thakur Hajam	1020160701500018	7980	वडा नं५ दोश्रो किस्ता
	Janki Devi Thakur	1020160701500018	7980	
दोहोरो	Shrawan Kumar Sah	1020168767600017	1596	
	Shrawan Kumar Sah	1020168767600017	1596	
दोहोरो	Ram Shati Devi	1020067393400014	7980	वडा नं१ दोश्रो किस्ता
	Ram Shati Devi	1020067393400014	7980	
दोहोरो	Aaryan Kumar Mahato	1020168703600019	1596	
	Aaryan Kumar Mahato	1020168703600019	1596	
दोहोरो	Aayush Kumar Mahato	1020168707900016	1596	
	Aayush Kumar Mahato	1020168707900016	1596	
दोहोरो	Aayush Kumar Singh	1020168699200019	1596	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

	Aayush Kumar Singh	1020168699200019	1596	
दोहोरो	Bishal Prasad Singh	1020168692500017	1596	
	Bishal Prasad Singh	1020168692500017	679	
दोहोरो	Roshan Kumar Mahato	1020168706500019	1596	
	Roshan Kumar Mahato	1020168706500019	1596	
दोहोरो	Lagan Thakur	1020174798700015	1596	वडा नं३ दोश्रो किस्ता
	Lagan Thakur	1020174798700015	1596	
दोहोरो	Shristi Kumari	1020168740600010	1596	
	Srishti Kumari Mahato	1020168740600010	1596	
दोहोरो	Princ Kushwaha	1020168736400013	587	
	Prince Kushwaha	1020168736400013	587	
दोहोरो	Ritesh Mahara	1020174805200019	1596	वडा नं३ दोश्रो किस्ता
	Ritesh Mahara	1020174805200019	1064	
दोहोरो	Lagan Thakur	1020174798700015	1596	वडा नं३ तेश्रो किस्ता
	Lagan Thakur	1020174798700015	1596	
दोहोरो	Shogiya Devi Mahra	1020063067200011	7980	वडा नं४ तेश्रो किस्ता
	Sohagiya Devi Mahara	1020063067200011	7980	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			जम्मा रकम 138637 असुलगर्नुपर्ने रकम 70043	
५०.४			**भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १५(२) मा भत्ता भुक्तानी गर्दा सम्बनन्धित लाभग्राहीको बाहेक अन्य व्यक्तिलाई भुक्तानी गरेको पाईएमा यसरी भुक्तानी गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानुन बमोजिम कारवाही हुने उल्लेख छ । भत्ता रकम विभिन्न बैकले वितरण गरेको रिभर्स रिर्भस फिड परिक्षण गर्दा एउटै बैक एकाउन्ट तर व्यक्ति फरक देखिन्छ । यस सम्वन्धमा कार्यालयले दोहोरो परेको हो वा किन हो यकिन गरी भत्ता वितरणलाई व्यवस्थित बनाउनुपर्दछ।	
५१			**प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ ।पालिकाले यस वर्ष रोजगार संयोजक नियुक्त भएको अवस्थामा समेत प्रधानमन्त्री रोजगार कार्यक्रमबाट कुनै योजना संचालन भएको छैन । पालिकाले निर्देशिका बमोजिम तोकेको कार्यक्रम गरी उक्त खर्चवाट लक्षित वर्गमा रोजगारी सृजना गर्न कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।कार्यक्रम अनुसार कार्य सम्पादन नगरेपछि रोजगार संयोजकले वर्षभरी के कार्य गरी पारिश्रमिक लिएको हो यकिन गर्न सकिएन ।	
५२			**लघु उद्यम कार्यक्रम**	
५२.१			**दोहोरो सुविधाः** तालिममा एकै समयमा दुई ठाउँमा कक्षा संचालन भएकोमा दुवै तर्फ एउटै प्रशिक्षकले प्रशिक्षण कक्षा लिएको भत्ता लिन मिल्ने देखिदैन । पालिकाका कर्मचारी विजय कुमार महतोले रु ८५५१००।० पेश्की लिई विभिन्न तालिम गरेकोमा निम्न तालिममा एउटै समयमा एउटै प्रशिक्षक राखी खर्च लेखेको छ । एउटै प्रशिक्षकले एउटै समयमा प्रशिक्षण भत्ता लिएको रकम दोहोरो पर्न गएकोल १ तालिमको रकम असुल गर्नुपर्ने रु १८०००।०	१८,०००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>तालिम</th><th>समय</th><th>प्रशिक्षक</th><th>रकम</th></tr>
<tr><td>गुडिया बनाउने तालिम वडा नं ३</td><td>०७९।३।१७ देखि ३१ सम्म १५ दिने</td><td>मुख्य प्रशिक्षण शोभा कुमारी</td><td>३००००।०</td></tr>
<tr><td>डल कुसन तालिम वडा नं ३</td><td>०७९।३।१० देखि २४ सम्म १५ दिने</td><td>सह प्रशिक्षक शोभा कुमारी</td><td>१८०००।०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२.२</td><td></td><td></td><td>सीप विकास तालिम- गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाका पुरानालाई स्तरोन्नती तथा नया लघु उद्यमीलाई सीप विकास तालिम (डल कुशन गुडिया, बनाउने लगायतका) मा रु.१०००७००।० खर्च गरको छ । पालिकाले उद्यमशीलता विकास(TOT) तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका १५ दिन देखि ३० दिनसम्म Basic तालिम लिएका प्रशिक्षकहरु समावेश गरी तालिम सञ्चालन गरेको छ । पालिकाले यस्ता तालिम दिदाँ Tranning of Tranner तालिम लिएका प्रशिक्षक छनौट गरी निर्देशिकाको विधि अपनाई कार्यक्रम संचालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२.३</td><td></td><td></td><td>प्रविधि हस्तान्तरण- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा दफा ४० बमोजिम प्रबिधि हस्तान्तरण गर्दा कार्यक्रमको लागि विनियोजित रकमको परिधिभित्र रही आवश्यकता विश्लेषण गरी शाखाको सिफारिशको आधारमा पालिकाले तालिम दिई नयाँ सृर्जना भएको उद्यमीलाई कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको अङ्कको २० प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा ८० प्रतिशत रकममा मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष लघु उद्यमी डल कुसन तथा लाहा चुरा जस्ता तालिम संचालन गरेको भएतापनि उद्यमीलाई कुनै प्रकृतिको प्रविधि हस्तान्तरण गरेको पाइएन । पालिकाले निर्देशिका बमोजिम छनौट भएको उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>कोभिड प्रभावितलाई नगदः कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ३ मा नगद प्राप्त गर्ने लाभग्राही परिवारको कुनै सदस्यले नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको व्यक्तिका परिवारमा, पेन्सन सुविधा प्राप्त गरिरहेको व्यक्ति हुनु नहुने उल्लेख गरेको छ । गाउँपालिकाको वडा कार्यालयहरुले कार्यविधि बमोजिमका नगद प्राप्त गर्ने आधार केही उल्लेख नगरी सिफारिस गरेको छ । गाउँपालिकाले सोही सिफारिसको आधारमा निम्न वडाको कोभिड प्रभावित परिवारलाई रु ४९८००००।० नगद हस्तान्तरण गरेको छ । छनौट प्रकृया हेर्दा कार्यविधि अनुसार वास्ताविक कोरोना प्रभावित व्यक्ति छनौट भएको छ भन्ने आधार देखिएन । यस सम्बन्धमा छानवीन गरी यकिन गर्नुपर्दछ ।
<table>
<tr><th>वडा नम्बर</th><th>लाभग्राही संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>६९</td><td>६९००००।०</td></tr>
<tr><td>२</td><td>१११</td><td>१११००००।०</td></tr>
<tr><td>२</td><td>१४</td><td>१४००००।०</td></tr>
<tr><td>३</td><td>८१</td><td>८१००००।०</td></tr>
<tr><td>४</td><td>१००</td><td>१००००००।०</td></tr>
<tr><td>५</td><td>१२३</td><td>१२३००००।०</td></tr>
<tr><td>जम्मा</td><td>४९८</td><td>४९८००००।०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>ठेक्का प्रतिस्पर्धा

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) र नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ । त्यसैगरी सोही ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान समेत रहेको छ । निम्नानुसार खरिदमा लागत ईष्टिमेटको तुलनामा न्यून रकमको प्रतिस्पर्धा देखिएकोले पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

कार्य	स्वीकृत लई	प्रथम Bidder	दोश्रो Bidder	तेश्रो Bidder	कैफियत(घटि प्रतिशत)
बटेश्वर ४ मा महादेव मन्दिर निर्माण	४८७०२७०	४७८५६२० आर्यन	४७९८७०६ अन्सारी	४८०९८३७ आरवि	१.२५
ह्युम पाइप खरिद	२४०८२६९	२३६१७०० अन्सारी	२३६९४६९ आर्यान	२३९२७७५ आर वि	१.९३
पालिका भवन निर्माण	५९९९८१६।११	५८९६४३६ आर्यन	५९०४०४९ अंसारी	५९६०२१६ आवि	१.७२
वडा नं १ आर सिसि ढलान	९९९६०८	९८६०६८ अंसारी	९८६०६८ आर्यन	९९६२१६ आरवि	१.३५
पालिका झ्याल ढोका ग्रिल	२०९९६५७	२०५७१०५ अंसारी	२०६२१५० आरवि	२०६५११५ आर्यन	२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**ठेक्का व्यवस्थापन**	
५५.१			**दरभाउपत्रबाट अपुरो सामान खरिदः** सार्वजनिक खरिद नियमावली बमोजिम जुन सामानको लागि दरभाउ पत्र माग गरिएको हो सोही सामान खरिद गरिनुपर्दछ । पालिकाले कम्प्यूटर सेट लगायत सामान खरिदका लागि खुल्ला दरभाउ पत्र माग गरी सेक्यूरिटि विल्डर्सवाट खरिद गरेकोमा दरभाउ पत्रबाट रु ९३५००।० मा डेस्कटप कम्प्यूटर सेट (सि.पि.यू समेत) खरिद गर्ने गरी विक्रेताले दरभाउ पत्र दिएकोमा सि.पि.यू मात्र खरिद गरी पुरै रकम भुक्तानी भएको छ । भण्डार दाखिला समेत सि.पि.यू मात्र देखिएकोमा रु ९३५००।० नै भुक्तानी भएकोले सोको बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु	५८,०००
५५.२			**कार्य संपादन जमानतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम बमोजिम निर्माण व्यवशायीको कार्य सम्पादन जमानत निर्माण सम्पन्न अवधि पछि थप १३ महिनाको समेत कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यावस्था छ । पालिकाले लक्ष्मी आधारभुत विद्यालयका निर्माण व्यवशायी श्री आर्यल कंस्ट्रक्सनको २०७९।२।३० सम्म म्याद भएकोमा कार्यसम्पादन जमानत २०८०।३।२९ सम्मको हुनुपर्नेमा २०७९।२।१ सम्मको मात्र भएकोले सोको जमानत त्रुटी सच्याउने अवधि मिति २०८०।३।२९ सम्मको पेश गर्नुपर्दछ ।	२३२,०००
५५.३			**सौर्यवत्ती जडानः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा संभव भएसम्म खुल्ला रुपमा बोलपत्र आव्हान गर्नुपर्ने र योग्य वोलपत्रदातालाई त्यस्तो खरिद प्रकृयामा सहभागी हुन विना भेदभाव समान अवसर प्रदान गर्नुपर्ने व्यावस्था छ । त्यस्तै नियमावलीको नियम ३१ मा रु २० लाख भन्दा बढीको निर्माण कार्य गर्नुपर्दा बोलपत्रको माध्यामबाट खरिद गर्नुपर्ने व्यावस्था छ । पालिकाले निम्नानुसार निर्माण कार्यहरु एकै कार्य भएकोमा पनि रु ६० लाख भन्दा घटीको लागत इष्टिमेट गरी टुक्रापारी वोलपत्र आव्हान गरेको छ । यसरी एकै प्रकृतिको वत्ति जडान कार्यको लागि गाउँसभालेनै रु ६० लाख भन्दा तलका कार्यक्रम बनाएको कारण एकै प्रकृतिका कार्य समेत टेण्डर टुक्रयाई रु ५८२००००।० गराईएको लागत इष्टिमेट समेत नीजी विशेषज्ञले गरेको, वडामा जडान मात्र भनी उल्लेख भएको, पालिकाको प्राविधिकवाट पुष्टि नभएको, ठेक्का विल कार्यसम्पन्न प्रतिवेदन मूल्यांकन कार्यालय प्रमुख र आपूर्तकको मात्र प्रमाणित भएको आदि कारणले उक्त वत्ति जडान कार्य नियमित मान्न नसकिएको हुदाँ प्रत्येक ४ वटै ठेक्कामा रु ५७६८८२०।० का दरले भुक्तानी भएकोमा नियमित मान्न नसकिने	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>हुदा वडाहरु फरक भएता पनि एकमुष्ट टेण्डर वारे कार्य गरिनुपर्दछ ।
<table>
<tr><td>गो.भौ मिति</td><td>ठेक्का नं</td><td>स्थान(वडा)</td><td>खर्च</td><td>आपुर्तक</td><td>कैफियत</td></tr>
<tr><td>१६१।०७९।१।१९</td><td>१९</td><td>४</td><td>५७६८८२०</td><td>अविष्कार इनर्जी प्रा ली</td><td>६० वटा वत्ति</td></tr>
<tr><td>१६२।०७९।१।२०</td><td>२०</td><td>२</td><td>५७६८८२०</td><td>अविष्कार इनर्जी प्रा ली</td><td>६० वटा वत्ति</td></tr>
<tr><td>१६३।०७९।१।२१</td><td>२१</td><td>३</td><td>१६३४४९९</td><td>अविष्कार इनर्जी प्रा ली</td><td>१७ वटा वत्ति</td></tr>
<tr><td>१६५।०७९।१।२१</td><td>२१</td><td>३</td><td>४१३४३२१</td><td>अविष्कार इनर्जी प्रा ली</td><td>४३ वटा वत्ति</td></tr>
<tr><td>१६४।०७९।१।२९</td><td>२२</td><td>४</td><td>१९२२९४०</td><td>अविष्कार इनर्जी प्रा ली</td><td>२० वटा वत्ति</td></tr>
<tr><td>१३६।०७९।१।२१</td><td>२२</td><td>४</td><td>१६३४४९९</td><td>अविष्कार इनर्जी प्रा ली</td><td>१७ वटा वत्ति</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२३०७५२८०</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५.४</td><td></td><td></td><td>कार्यसम्पादन जमानतः सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण व्यावशायीको कार्य संम्पादन जमानत त्रुटि सच्याउने अवधि भन्दा १ महिना बढी अर्थात निर्माण सम्पन्न पछि थप १३ महिनाको रहनुपर्ने व्यावस्था छ । पालिकाको निम्नानुसार निर्माण व्यावशायीसंग भएको कार्यमा घटी अवधिको कार्यसम्पादन जमानत भएकोले सो पुरा अवधिको जमानत पेश हुनुपर्ने रु
<table>
<tr><td>गो.भौ मिति</td><td>कार्य</td><td>व्यावशायी</td><td>हुनुपर्ने अवधि</td><td>भएको अवधि</td><td>जमानत रु</td></tr>
<tr><td>४३।०७८।१०।६</td><td>महादेव मन्दिर निर्माण</td><td>आर्यन कंसट्रक्सन</td><td>०८१।१२।३०</td><td>०७८।१०।२३</td><td>२५००००।०</td></tr>
</table>
</td><td>१,०३५,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४२।०७८।१०।६</td><td>ढलान कार्य</td><td>आर्यन कंसट्रक्सन</td><td>०७९।११।२९</td><td>०७८।११।०७</td><td>३१००००।०</td></tr>
<tr><td>१००।०७८।१२।२३</td><td>पालिका भवन निर्माण</td><td>आर्यन कंसट्रक्सन</td><td>०७९।१०।३०</td><td>०७८।११।०६</td><td>३०००००।०</td></tr>
<tr><td>९७।०७८।१२।२३</td><td>अधुरो सामुदायिक भवन</td><td>अंसारी कंसट्रक्सन</td><td>०८०।३।३०</td><td>०७९।२।१</td><td>३५०००।०</td></tr>
<tr><td>१०१।०७८।१२।२३</td><td>ढलान कार्य</td><td>आर्यन कंसट्रक्सन</td><td>०८०।२।३०</td><td>०७९।२।१</td><td>९००००।०</td></tr>
<tr><td>९९।०७८।१२।२३</td><td>वडा नं १ सडक ढलान</td><td>अंसारी कंसट्रक्सन</td><td>०८०।३।३०</td><td>०७९।२।१</td><td>५००००।०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१०३५०००।०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५.५</td><td></td><td></td><td>पूर्वनिर्धारित क्षतिपूर्तिः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा ठेकेदारको ढिलाईको कारण निर्माण कार्य समयमा सम्पन्न नभएमा पुर्व निर्धारित क्षतिपुर्ति वापत सम्झौता रकमको दैनिक ०.०५ प्रतिशत वा सम्झौता रकमको १० प्रतिशत सम्म पूर्व निर्धारित क्षतिपुर्ति असुल गर्नुपर्ने व्यावस्था छ । पालिकाले कात्तिक कुवंर सडकमा पिच गरेवापत आकृति निर्माण सेवासँग रु १८४९६२६३।८७ को खरिद सम्झौता गरेकोमा मिति २०७८ श्रावण मसान्तसम्म सम्पन्न गर्नुपर्ने अवधि रहेकोमा (म्याद थप समेत) निर्माण कार्य गो भौ १२०।०७८।१२।३० मा मात्र सम्पन्न भै कुल रु १८२५२१२९।० भुक्तानी भएको छ । तर सोमा पूर्व निर्धारित क्षतिपूति वापत रकम असुल(कट्टी) गरिएको छैन । म्याद थप भए प्रमाण पेश गर्ने अन्यथा ढिला दिन २४० को सम्झौता रकमको १० प्रतिशतले हुने रु १८४९६२६।० असुल गर्नुपर्ने रु</td><td>१,८४९,६२६</td></tr>
<tr><td>५५.</td><td></td><td></td><td>गाउँपालिका प्रशासनिक भवन निर्माणः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ बमोजिम निर्माण कार्य वापत</td><td>२,७८५,९०२</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			अन्तिम विलको रकम भुक्तानी दिन खरिद सम्झौता बमोजिम कार्यसम्पादन भएपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले आर्यन कंसट्रक्सनसँग मिति २०७९।३।२० भित्र कार्य सम्पन्न गर्नुपर्ने गरी रु ५८९६४३२।५२ को सम्झौता गरेकोमा निर्माण व्यवसायीलाई प्रथम र दोश्रो विलको जम्मा रु ३११०५३०।७६ भुक्तानी गरेको छ । निर्माणको कार्यसम्पन्न नहुँदै कार्यसम्पन्न प्रतिवेदन प्रमाणित गरी भुक्तानी दिएको छ । यसरी दोश्रो तथा अन्तिम विल वापत मिति २०७९।३।२४ मा रु २२६३२८९।० भुक्तानी गरी म्याद समाप्त भैसकेको अवस्थामा पनि पुरै काम सम्पन्न नभै सम्झौता बमोजिम कार्य परिमाण अधुरै रहेको छ । यसरी समयमा सम्झौता बमोझिमको कार्य सम्पन्न नभएकोमा पनि कार्यसम्पन्न प्रतिवेदन पेश भएको देखिएकोले वास्तविक कार्य सम्पन्न भएपस्चातको निर्माणको प्राविधिक मुल्याकंन पेश हुनुपर्ने रु	
५५.७			**कर विजकः** ३।०७९।३।२० मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि कर विजकको ढाचा अनुसुचि ५ मा तोकिए बमोजिम कर विजक लेखी विजक नंम्बर क्रमश राखी जारी गर्नुपर्ने व्यावस्था छ । पालिकाले १० शैया अस्पताल निर्माण वापत ओम बुद्ध/हरिततारा/भेनस जे.भि लाई(६१७१९६९१०) दोश्रो रनिङ विल वापत रु १२५५५०२३।० (मूल्य अभिवृद्धि कर रु १५९६४६३।०) भुक्तानी भएकोमा उक्त जे.भी.को विजकमा कर विजक नभै विजक मात्र उल्लेख भएको, विजक नम्बर ००२ मेशिनद्वारा नराखी छपाई नै गरेको र जे.भी २०७९ वैशाख देखि नन् फाइलर समेत देखिएको हुँदा भुक्तानी भएको मु.अ.कर रु १५९६४६३।० समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु	१,५९६,४६३
५५.८			**सम्झौताको वि.ओ.क्यू भन्दा बढी भुक्तानीः** सर्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण व्यावशायी संग सम्झौता भएपछि निजलाई रनिङ विल भुक्तानी दिदाँ सम्झौता मा उल्लेख भएको Bill of Quontity भन्दा बढी भुक्तानी दिनु हुदैन । पालिकाले १० शैया अस्पताल निर्माणमा व्यावशायी ओमवद्ध/हरिततारा/भेनस जेभि लाई निम्नानुसार आइटम हरुमा सम्झौता भन्दा बढी परिमाणको भुक्तानी दिएकोमा भेरिएसन समेत नभएको र आइटमवाइज वृद्धि परिमाण समेत २५ प्रतिशत भन्दा बढी परिमाण भएको हुदा भेरिएसन आदेश स्वीकृत गर्नुपर्ने रु	७८५,५००

आइटम/कार्य	सम्झौता (BOQ)अनुसार	सम्पन्न परिमाण	बढी परिमाण	दर	बढी भुक्तानी

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			(तलको तालिका हेर्नुहोस्)	

	परिमाण				
Earthawork excavatiion filling	७९१.७	९४६.२	१५४.५	४००	६१८००
Earthwork 150 mm thik layers	३९५.८	७५०.३	३५४.४	२००	७०९००
Flat Dry Brick soiling	८८६.९	१२९४.९	४०८	६००	२४४८००
PCC 1:3:6 on Floor	६६.५२	१००.५१	३४	१२००	४०८०००
				जम्मा	७८५५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५.९			**जिन्सी दाखिलाः** पालिकाले विस्तृत सर्भेक्षण गरेका कार्यहरु एव खरिद तथा तयार गरिएका पाश्वचित्रहरुको प्रतिवेदन जिन्सी आम्दानी गरी दाखिला गर्नुपर्दछ । जसले गर्दा दोहोरो खर्च हुन नआओस भन्नेतर्फ ध्यान दिनुपर्दछ । पालिकाको पाश्वचित्र निर्माण वापत रु ९९०४४५।० खर्च गरेकोमा सी जन्सी दाखिला गरेको नपाईएकोले सो दाखिला दाखिला गर्नुपर्दछ ।	
५५.१०			**ट्याक कोट-** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औषत ०.४ देखि ०.६ सम्म हुने उल्लेख छ। पालिकाले ८१०० वर्ग मिटर कालोपत्र गर्दा निर्माण व्यावसायी आकृति निर्माण सेवालाई कार्तिक कुवर सडकमा ०.६ प्रति वर्ग मिटरका दरले ४८६०।० लिटर ट्याककोट खपत भै सोको प्रतिलिटर रु १७५।० का दरले भुक्तानी दिनुपर्नेमा ७३३० लिटरको भुक्तानी भएकोले २५१० लिटर बढी भुक्तानी भएको हुँदा सोको प्रति लिटर रु १७५।० ले रु ४३९२००।० बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु	४३९,२००
५५.११			**निर्माण कार्य अधुरोः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा निर्माण सम्झौता बमोजिम कार्य सम्पन्न गरेपछि मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम विल भुक्तानी दिनुपर्ने व्यावस्था छ । जनप्रिय मावि बटेश्वरमा ८ कोठे भवन	४१५,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			निर्माण वापत मिति २०७९।३।३० सम्म सम्पन्न गर्नुपर्ने गरी रु ७८७६५७३।८० को सम्झौता भएकोमा नीज निर्माण व्यवसायीले २ वटा गोश्वारा भौचरवाट रु ५४८९३४०।० भुक्तानी लिएको छ । सोही आधारमा पालिकावाट कार्यसम्पन्न प्रतिवेदन प्रमाणित गरिएको छ । निर्माण कार्यमा सम्झौता बमोजिमको परिमाण अधुरै रहेको देखिन्छ । यसरी ७० प्रतिशत कार्य पनि पुरा नभै कार्य सम्पन्न प्रतिवेदन तयार गरेको हुदा सम्बन्धित प्राविधिकलाई जिम्मेवार समेत बनाइनुपर्दछ । साथै तोकिएको समयमा कार्य सम्पन्न समेत नभएको हुँदा र म्याद थप समेत नभएकोले सम्पन्न हुने दिनसम्मको हर्जाना समेत असुल गरी कार्य सम्पन्न गर्नुपर्दछ । अन्यथा सार्वजनिक खरिद ऐनको दफा ५९ बमोजिम कार्यवाही गर्नुपर्दछ । नीजको कार्य सम्पादन जमानत समेत २०७८।१०।२९ सम्मको मात्र भएकोले मिति २०८०।३।२९ सम्म थप भएको प्रमाण समेत पेश गर्नुपर्ने रु	
५५.१२			**सम्झौता भन्दा बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को उपदफा(१) बमोजिम खरिद सम्झौताको आधारमा निर्माण व्यावशायीलाई विल वा विजकको रकम भुक्तानी दिनुपर्ने व्यावस्था छ । पालिकाले लक्ष्मी मावि भवन निर्माणका लागि आर्यन कंस्ट्रक्सनसंग मिति २०७९।२।३० भित्र कार्य सम्पन्न गर्नुपर्ने गरी रु ४४३९५१२।३६(मु.अ.कर समेत) सम्झौता भएकोमा निजलाई प्रथम विल गो.भौ ८६।०७८।१२।२३ वाट रु २८०९५०८।० र दोश्रो तथा अन्तिम विल ९६।०७९।१।२९ बाट रु १७५६४७५।० गरी जम्मा रु ४५६५९८९।० भुक्तानी भएको हुदा सम्झौता भन्दा बढी रकम रु १३१६४४।० बढी भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु १३१६४४	१३१,६४४
५६	७३।०७८।१२।३		**ह्यूम पाईप मौज्दातः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ बमोजिम सामान खरिद गर्दा आवश्यकता र माग अनुसार लागत ईष्टिमेट तयार गरी प्रकृयावाट खरिद गर्नुपर्ने र सामान प्रयोगमा ल्याईनुपर्दछ । पालिकाले ह्यूम पाईप खरिद वापत रु २४२०४६०।० खर्च लेखेकोमा सो पाइप ४५० मात्रको एनपि ३ पाइप ३८२.५ रनिङ मिटर खरिद गर्दा SUPPLY and Laying समेत गर्ने उल्लेख गरी खरिद गरेकोमा उक्त पाइप प्रयोग भएको स्थान नापी किताव मौज्दात लगायतका प्रमाण पेश गर्नुपर्ने रु	२,४२०,४६०
५७			**डिपिआर** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने	५,५७७,९०६

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयमा देहायको आयोजनाको निमित्त डिपिआर तयार गरेवापत परामर्शदातालाई रु ५५७७९०६ भुक्तानीगरेकोमा निम्न कैफियत देखिएको छ।	

भौ. नं.	विवरण	खर्च
२६।०७।२४	महादेव मन्दिर र वटेश्वर प्रवेशद्वारको डिपिआर स्टार ट्रेड एण्ड इन्जिनियरिग	११३००००
२७।०७।२९	वडरी खोला विग्हीखोला सुखजोड खोला र औरही खोलाको आइइइ अध्ययन आभाष एग्रो कन्सल्टेन्सी	९९१५७५
४७।१०।२०	वाड न ४ को वडा कार्यालय लक्ष्मी माविको ४ कोठे भवन र जनशक्ति माविको ८ को कोठे भवन निर्माणको डिपिआर नेपाल ट्रेड एण्ड इन्जिनियरिग प्रालि	१४७७०२३
४६।१०।१६	देवकी निमावि पर्यटकिय पार्क कालोपत्रे रोड नाला निर्माण आरसिसि ढलान कार्यको डिपिआर रियल ड्रिम्स इन्टरनेशनल इन्जिनियरिग	१९७९३०८
	जम्मा	५५७७९०६

डिपिआर तयार गर्दा लाग्ने खर्चको लागत अनुमान तयार गरेको छैन।आन्तरिक जनशक्ति प्रयोग नगरी वाहयपरामर्शदातावाट डिपिआर तयार गर्नुको कारण खुलेको छैन।श्रोतको सुनिस्चितता वेगर केही डिपिआर तयार गरेको देखिएकोमा केही योजना हालसम्मपनि कार्यान्वयनमा गएको नदेखिएकोले खर्चको सार्थकता देखिदैन। तयार गरिएको डिपिआरको उपयोग हुनुपर्दछ।एकै प्रकृतिको कार्य एकैसमयमा गराउदा समेत प्रतिस्पर्धावाट वचित हुनेगरी टुक्रापारी विभिन्न परामर्शदातावाट खरिद गरेको

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			देखिन्छ।आर्थिक तथा प्राविधिक प्रस्ताव खोल्दाको मुचुल्का तथा मुल्याकंन समितिको निर्णय संलग्न देखिदैन। अत मूल्याकंन समितिको निर्णय पेश हुनुपर्ने एवम लागत अनुमान वेगर टुक्रापारी डिपिआर तयार गरेकोले नियमसंगत नदेखिएको रु	
५८			**सफ्टवेयर खरिद** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ ।स्थानीय तहले नमुना परीक्षण गर्दा देहायको सफ्टवेयर जडान वापत रु ९९४४०० भुक्तानी गरेको देखिएपनि सफ्टवेयर संचालन र प्रयोगको अवस्थामा रहेको देखिएन।सफ्टवेयरको उपयोग हुनुपर्दछ। लागत अनुमान र टिओआर तयार नगरेको र जडान गरेको भनिएपनि हालसम्मपनि प्रयोगमा आएको नदेखिएकोले जडानको प्रमाण पेश हुनुपर्ने एवम लागत अनुमान र टिओआर वेगरको खरिद नियमसंगत नदेखिएको रु <table><tr><td>गोभौ न र मिति</td><td>आपूर्तक</td><td>सफ्टवेयर</td><td>रकम</td></tr><tr><td>५३।११।०१</td><td>भिएम ग्रुप प्रा लि</td><td>अनलाइन दर्ता चलानी</td><td>४९७२००</td></tr><tr><td>५४।११।०१</td><td>भेनल ट्रेड प्रा लि</td><td>कर्मचारी व्यवस्थापन प्रणाली</td><td>४९७२००</td></tr><tr><td></td><td></td><td>जम्मा</td><td>९९४४००</td></tr></table>	९९४,४००
५९			**सूचना प्रकासन** गाउपालिकाले विभिन्न मितिमा स्वास्थ्य तथा वोलपत्रलगायत विभिन्न चेतनामुलक सन्देश सम्वन्धी सुचना प्रकाशन तथा प्रसारण गर्दा रु ५२९२८०४ खर्च गरेको देखिन्छ। यसरी सार्वजनिक सुचना प्रकासन तथा प्रसारण गर्दा सार्वजनिक खरिद ऐन तथा	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			नियमावली वमोजिम खरिद गर्नु पर्नेमा सो नगरी विना प्रतिस्पर्धा आवस्यक्ताको आधारमा सौझै खरिद गरेको देखिन्छ। विना प्रतिस्पर्धा सोझै पत्रिकालाई सुचना प्रकाशन गरिएको तथा सुचना प्रकासनमा मित्तव्यितासमेत कायमनगरी ठुला आकारमा र महंगा पेजहरुमा सुचना प्रकासन गर्ने गरेको देखिन्छ।यस्ता कार्यमा मित्तव्ययीता अपनाउनु पर्दछ।	
६०	१२	२०७८-६-२४	**प्रमाण पेश हुनुपर्ने** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।कार्यालयले इलेक्ट्रिकल स्कुटर खरिद गरेवापत नेपाल रोमिग वर्ड प्रा लिलाई रु २४७००० भुक्तानी गरेकोमा लागत अनुमान तयार गरेको देखिएन भने कर विजकसमेत पेश भएको छैन।अत लागत अनुमान कर विजक विलवुक र विमा गरेको प्रमाण पेश हुनुपर्ने रु	२४७,०००
६१				
६१.१			**कार्यालय सम्बन्धि खर्चः** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालयसामाग्री शिर्षकमा रु २०००००० र पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्चमा रु २६९३८४९ खर्च लेखेको छ । मसलन्दतर्फका सामाग्रीहरु समेत अन्य विभिन्न शिर्षकवाट समेत खर्च भएको नियमसंगत देखिदैन। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिनु जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ भने खर्च गर्दा सम्वन्धित वजेट शिर्षकवाटै खर्च लेखिनु पर्दछ।	
६१.२			**शिर्षक फरक पारी खर्चः**खर्च संकेत वर्गिकरण, २०७४ मा तोकिएको खर्च शीर्षकमा बजेट विनियोजन गरी सोही बमोजिम खर्च गर्नुपर्ने व्यवस्था गरेको छ ।यस पालिकाले शिर्षकमा तोकिएको भन्दा फरक किसिमका र एकै शिर्षकबाट विभिन्न किसिमका खर्चहरु जनाउने गरेको छ । यसरी फरक शीर्षकमा बजेट विनियोजन गर्ने तथा विनियोजनै नभएको शिर्षकबाट खर्च गर्ने परिपाटिले पालिकाले तयार गरेको वित्तीय विवरणले सही र यथार्थ चित्रण गर्न सकेको देखिदैन।निर्देशिकाले तोकेबमोजिमको	१,३७३,२४१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			शीर्षकहरुमा बजेट विनियोजन गरी सोही बमोजिम वित्तीय विवरण तयार गर्नुपर्दछ। फरक शीर्षकमा खर्च गरेको रु. ४८४३९६१।०० नियमित देखिदैन।	

क्र.स.	खर्च लेखिएको शिर्षक	खर्च लेख्नुपर्ने शिर्षक	खर्च रकम	कैफियत
१.	२११११	२११३९	४८००००	विभिन्न भौचरबाटपालिका र वडा कार्यालयको राति पालोपहरा बसेको मासिक भत्ता तलब शिर्षकबाट खर्च जनाएको
३.	२२६११	२२७११	१६७०००	खाजा खर्चहरु ३७४।०७९।३।२४ बाट भुक्तानी
४.	२२७११	२२३११ र २२३१९	४७९५२६	नयाँ जनप्रतिनिधिहरुलाई व्याग डायरि कलम टावेल छाता र रेनकोट वितरण लागत अनुमान वेगर सोझै खरिद ३८०।०७९।३।२४
८.	२११११	२२६१२	४८४००	२१७।२०७८।११।१८ कर्मचारी पारीश्रमिकबाट पालिका उपाध्यक्षको भ्रमण खर्च भुक्तानी दिएको
९.	२२२२१	२२११३	१९८३१५	भौचर नम्बर ४०५ र ४०६ मिति २०७९।३।२५ मा १ वर्षको इन्टरनेट शुल्क भुक्तानी तर प्रयोगतकर्ता नखुलेको
		जम्मा	१३७३२४१	

६२			**कोभिड भत्ताः** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय काठमाण्डौको चलानि नम्बर ५२८६ मिति २०७८।१।१९ को पत्रबाट प्रेषित कोभिड १९ सम्बन्धी विषय मन्त्रि परिषद्को वैठक संख्या ४।०७८ मिति २०७८।१।१९ को मन्त्रिपरिषद्को निर्णय १७ मा कोभिड	४१८,७०५

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौ चर मि ति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>१९ को काममा खटिने जनशक्तिको विवरण व्यवस्थित गर्ने र प्रमाणित अभिलेखका आधारमा ६ महिनाको ५० प्रतिशत जोखिम भत्ता दिने उल्लेख छ । उक्त परिपत्रका आधारमा यस कार्यालयका निम्नानुसारको जोखिम भत्ता वितरण गरेको छ । जोखिम भत्ता वितरण गर्दा काममा खटाएको व्यवस्थित अभिलेख र भुक्तानी दिन वाँकीको विवरण संलग्न गरेको छैन ।भुक्तानी दिन वाँकिको विवरण सहित काममा खटाएको व्यवस्थित अभिलेख समेतको प्रमाणकागजात वेगर भुक्तानी दिएको रु
<table>
<tr><th>क्र स</th><th>भौ न र मिति</th><th>खर्च विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>३९०।२०७९।३।२४</td><td>जोखिम भत्ता</td><td>३१०७०५।००</td></tr>
<tr><td>२</td><td>२९५।२०७९।३।२५</td><td>जोखिम भत्ता</td><td>१०८००० ।००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४१८७०५।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>६३.१</td><td></td><td></td><td>तलवी प्रतिवेदनः निजामती सेवा ऐन, २०४९ को दफा ६(ख)(२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कर्मचारी तलव पोशाक र महंगी भत्तागरी गाउपालिका चालुवाट रु. १७०१८५५१ खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित गरेको छैन।पालिकाले अलग्गै शिर्षकगत लेजर खाता एवम खर्चको फाटवारी तयार गरेको छैन। अधिकांस महिनामा कर्मचारीको तलव एवम करारसेवा शुल्क भुक्तानी गर्दा कच्चावारीनै संलग्न नगरी भुक्तानी गरेकोले देखिन्छ। कर्मचारी पारश्रमिक शिर्षकमै कर्मचारीको तलवका अतिरिक्त करार सेवा शुल्क एवम डोर हाजिरवापतको ज्याला समेत भुक्तानी गरेकोमा एकै महिनाको भुक्तानीमा समेत एकमुष्ट कच्चेवारी तयार नगरी केही करारका कर्मचारीको करार सेवा शुल्कलाई स्थायी कर्मचारीको कच्चेवारीमा संलग्न गरिएको र केहीको अलग्गै कच्चेवारी तयार गरेको देखिन्छ। अघिल्लो महिनाको छुट तलवभनी पटक पटक विभिन्न कर्मचारीको करार सेवाशुल्क भुक्तानी गरिएकोले वढी एवम दोहोरो भुक्तानी भएन भनी एकिन गर्न सक्ने आधार भएन। डोर हाजिरमा कार्य गरेको भनिएकोमा कतिपय डोरहाजिरमा कार्यगर्नेको प्रयोजन र अवधिसमेत खुलेको देखिदैन। साथै कर्मचारीको केही महिनाको तलववाट कटी गरेको कतिपय संचयकोष, विमा, सामाजिक सुरक्षा कर लागायतको कट्टी रकम</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			दाखिला गरेको वैक भौचर समेत पेश हुन नसकेकोले कट्टी गरेका सवै रकम एकिन गरी दाखिला गर्नु पर्दछ र सम्वन्धित कर्मचारीलाई जिम्वेवार वनाउनु पर्दछ। तलवी प्रतिवेदन पास नभएको एवम करार सेवा शुल्क र डोर हाजिरको ज्यालसमेत कर्मचारी पारिश्रमिकवाट भुक्तानी भएको र पटक पटक टुक्रागरी भुक्तानी भएकोमा केही भौचरमा कच्चेवारी समेत पेश हुन नसकेकोले तलव, ग्रेड, पोशाक र महगी भत्ता भिडान गर्न सकिएन । ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ।	
६३.२	293	२०७९-१-२८	**वढी भुक्तानीः** विद्यालयमा सरसफाई सम्बन्धी तालिमको लागि सम्झौता नेपालसंग सम्झौता गरेको छ । उक्त संझौताको शर्त नम्बर ३ मा दैनिक ५ घण्टाको दरले ५ दिन ५० जनालाई तालिम दिनुपर्ने र शर्त नम्बर ४ मा सो वापत कार्यालयले रु २९९५००।०० भुक्तानी गर्ने उल्लेख गरेको छ ।उक्त संस्थाले पेश गरेको कार्य सम्पन्न प्रतिवेदनमा २०७८।१०।२६ र २७ गते ३ वटा विद्यालयमा कक्षा सञ्चालन गरेको जनाएको छ । ५० जना विद्यार्थिलाई २ दिन मात्रै प्रशिक्षण प्रदान गरेको आधारमा रु ११९८०० मात्रै भुक्तानी दिनुपर्नेमा मा पुरै काम सम्पन्न भए बरावरको रकम भुक्तानी गरेकोले वढी भुक्तानी भएको रु १७९७०० असुल गर्नुपर्ने रु	१७९,७५०
६४			**दोहोरो भुक्तानी** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले विगत आर्थिक वर्षमा पछि मिलान गर्ने शर्तमा अग्रिम सुविधा वापतको रकम विमला परियारलाई भुक्तानी गरेको रु ४०००० यस वर्ष भुक्तानीमा कट्टी गरिएको देखिदैन ।कट्टी गर्नुपर्ने रकम कट्टि नगरी भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिन्छ ।	४०,०००
६५			**सोझै खरिद**	
६५.१			**प्रतिस्पर्धा बेगर खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को दफा ९ मा सिमित प्रतिस्पर्धा हुनेगरी बोलपत्र आवहान गर्न नहुने व्यावस्था छ भने नियमावली २०६४ मा सुचीकृत भएका आपूर्तकबाट एकपटक मात्र सिधै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले खरिद कार्यगर्दा कतिपय खरिद एकै जिल्ला र एकै आपूर्तकवाटसमेत पटक पटक खरिद गरेको देखिन्छ।जस्तै	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

गो.भौ मिति	व्यहोरा	खर्च रु	कैफियत
४।०७८।१२।३	कम्प्यूटर कम्यामेरा लगायत खरिद	१९९९९८।०	सिक्यूरिटी वल्डस गौर (खुल्ला दरभाउ)
३७।०७८।९।२२	कम्पयुटर ल्यापटप समेत	९५८५५६।०	सिक्यूरिटी वल्डस गौर (खुल्ला दरभाउ)
७३।०७८।१२।३	ह्युमपाइप खरिद	२४२०४६०।०	अंसारी कंसट्रक्सन (बोलपत्र)
४२।०७८।१२।३	पिसिसि ढलान	५९२८३८।०	अंसारी कंसट्रक्सन (बोलपत्र)
१३।०७९।३।२४	विद्यालय भवन निर्माण	७८७६५७।३०	अंसारी कंसट्रक्सन (बोलपत्र)
४३।०७८।१०।१	महादेव मन्दिर निर्माण	२४७६१४५।०	अंसारी कंसट्रक्सन (बोलपत्र)
९५।०७८।१२।३०	गाउ पालिका भवन निर्माण	५८९६४३२।०	अंसारी कंसट्रक्सन (बोलपत्र)
१००।०७८।१२।२३	गाउ पालिका भवन निर्माण	५७१८५७९।०	अंसारी कंसट्रक्सन (बोलपत्र)

यसरी सोझै खरिद गरिएका तथा स्थानिय राष्ट्रिय दैनिक भनी जनकपुर टुडे पत्रिकामा प्रकाशन गरेको वोलपत्रसमेत एकै जिल्लाका आपूर्तक।निर्माण व्यावसायीवाट खरिद भएको देखिन्छ।बोलपत्रवाट खरिद गरिएपनि मुलत अंसारी कंसट्रक्सन र आर्यन कंसट्रक्सनवाटनै अधिकांस निर्माणका कार्य गराएको देखिन्छ । जसले गर्दा पारदर्शी तवरले पूर्णप्रतिस्पर्धा भएको भन्न सकिने आधार देखिएन।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६५.२			**बोलपत्र टुक्रा भएकोः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ मा सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा संभव भएसम्म खुल्ला रुपमा बोलपत्र आव्हान गर्नुपर्ने र योग्य वोलपत्रदातालाई त्यस्तो खरिद प्रकृयामा सहभागी हुन विना भेदभाव समान अवसर प्रदानप्रदान गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियमावलीको नियम ३१ मा रु २० लाख भन्दा बढीको निर्माण कार्य गर्नुपर्दा बोलपत्रको माध्यामबाट खरिद गर्नुपर्ने व्यावस्था छ । पालिकाले निम्नानुसार एकै निर्माण कार्यलाई रु ६० लाख भन्दा घटीको लागत इष्टिमेट गरी टुक्रापारी वोलपत्र आव्हान गरेको छ । यसरी २० लाख भन्दा बढीको एउटै कार्यपनि ६० लाख भन्दा तलको २/३ वटा लागत इष्टिमेट र वोलपत्र तयार गरी आव्हान गरेकोले सोको मूल्यांकन गर्दा निर्माण व्यवसायीको कारोवार र प्रतिस्पर्धामा प्रभाव पर्ने देखिएको र इविडिगसमेत गर्न नपर्ने स्थिति देखिएकोले प्रतिस्पर्धा समित हुने गरी वोलपत्र गरेको रकम नियमित मान्न नसकिने हुदा एउटा कार्यको लागि एकै वोलपत्र आव्हान गरी प्रतिस्पर्धा खुल्ला गरिनुपर्दछ ।	
६६			**उपभोक्ता समिति परिचालन**	

गो.भौ मिति	कार्य	बोलपत्र आव्हान रु	व्यहोरा
४२।०७८।१०।६	गाउँपालिका भवन देखि पुजारी बाटो हुदै वडा नं ५ जाने वाटो	६०७८३२९	ठेक्का फरक /आर्यन कंसट्रक्सन
१०१।०७८।१२।२३	गाउँपालिका भवन देखि पुजारी बाटो हुदै वडा नं ५ जाने वाटो	१७२४२११	ठेक्का फरक/आर्यन कंसट्रक्सन
९५।०७८।१२।२३	गाउँपालिका भवन निर्माण कार्य	५८९६४३२।०	ठेक्का नं १६/ ०७८।७९ आर्यन कंसट्रक्सन
१००।०७८।१२।२३	गाउँपालिका भवन निर्माण कार्य	५८९६४३२।०	ठेक्का नं ३/ ०७८।७९ आर्यन कंसट्रक्सन
	जम्मा	१९५९५४०४।०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६६.१			उपभोक्ता समिति परीचालनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । यस बर्ष उपभोक्ता समिति मार्फत सँचालन गरेका योजनाहरुको लागत अनुमान, सम्झौता रकम, कार्यसम्पन्न रकम, भुक्तानी सहितको एकिकृत विवरण गाउपालिकाको योजना शाखासँग पटक पटक माग गरेकोमा पेश गरेको छैन जसले गर्दा लेखपारिक्षण योजना बमोजिम नमूना छनौट गर्न कठिनाइ भएको छ । स्वीकृत वार्षिक कार्यालयगत योजना वमोजिम २५ प्रतिशत भुक्तानी रकम समेटी नमुना छनौट गरी लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानिय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्नका पालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः- क) कार्यालयले योजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन । ख) हेभि मेशिनरी साधनको प्रयोग हुने कार्य उपभोक्ता समिति मार्फत नगराउनु पर्नेमा सो समेत उपभोक्ता समित मार्फत गराएको छ । उपभोक्ता समिति मार्फत हुने निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यस्ले गर्दा उपभोक्ता समितिमार्फत सम्पन्न कार्य गुणस्तरीय छ भन्ने यकिन गर्न सकिएन । ग) योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालयबीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो । घ) कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन । ङ) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् । च) कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूची ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहे तापनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन समितिवाट अनुगमन गरेकोमा अनुगमनबाट देखिएको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छैन । छ) उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन । ज) उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन । झ) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नु पर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन ।रकम प्राप्त गर्नेको डोरहाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात स्पष्ट छैन । ञ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भर्पाई र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ । ट) उपभोक्ता समिति मार्फत कार्य गराउँदा मूल्य अभिवृद्धीकर योग्य सामानमा मूल्य अभिवृद्धीकर समेत थप गरी लागत अनुमान तयार तथा मूल्याङ्कन गरी भुक्तानी गर्ने गरेको छ । कार्यालयले जिल्ला दररेटको आधारमा मूल्य अभिवृद्धीकर थप गरी भुक्तानी गर्ने तर उपभोक्ता समितिले सामान खरिद गरेको विल पेश गर्दा मूल्याङ्कनमा दिइएको मूल्य भन्दा घटी सामान	

क्र म	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			खरिदको विल र सोमा मूल्य अभिवृद्धीकर थप गरेको प्रमाण पेश गर्दा समेत पुरै मूल्य अभिवृद्धीकर भुक्तानी भएको छ । उपभोक्ता समितिले घटी मूल्यको सामान खरिद गरी मूल्य अभिवृद्धी कर तिरेकोमा कार्यालयले जिल्ला दरकै आधारमा मूल्याङ्कन गरी भुक्तानी गर्दा बढी मूल्य अभिवृद्धी कर भुक्तानी भएको छ । लेखापरीक्षणमा सिमित समयको कारण उपभोक्ता समितिलाई बढी मूल्य अभिवृद्धीकर भुक्तानी भएको रकम यकिन गर्न सकिएन। यस सम्बन्धमा पालिकालेनै वृष्तित रुपमा एकिन गर्नुपर्दछ। ठ) उपभोक्ता समिति गठन गर्दा सम्वन्धित उपभोक्ता समितिका पदाधिकारी स्थानिय वासिन्दा रहेको परिचय खुल्ने प्रमाण संलग्न नभएकोले सम्बन्धित सेवा स्थानीय बासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराएको भनी एकिन गर्न सक्ने आधार भएन। ड) केही उपभोक्ता समितिवाट कार्य गराउदा कार्यालयले आवश्यक कुराहरु खुलाई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गरेको वा उपभोक्ता समिति वा लाभग्राही समुदाय आफैंले निवेदन दिएको प्रमाण संलग्न देखिदैन। सार्वजनिक सूचना प्रकाशन भएकोमा समेत काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यर्होने वा व्यहोर्नु पर्ने रकम लगायतको विवरण खुलाएको देखिएन।यस्तासूचना वा निवेदकको अलग्गै अभिलेख राखेको पाइएन। ढ) उपभोक्ता समिति/लाभग्राही समुदाय प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाण पेश हुन सकेन। दर्ता वेगरका उपभोक्ता समितिवाट कार्य गराउने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ । ण) उपभोक्ता समितिले निर्माण गरेका भनिएको कतिपय योजनाहरुमा के कतिमात्रामा कस्तो गुणस्तरको कार्य भएको सम्वन्धमा उपाध्यक्षवाट अनुगमन भएको प्रतिवेदन संलग्न गरेको पाइएन। अनुगमन वेगर भुक्तानी दिन कार्यमा नियन्त्रण गरिनु पर्दछ। ण) कार्यालयले पेश गरेको लागत अनुमान एवम प्राविधिक मुल्याकंनमा कहिकतै मिति उल्लेख नभएकाले लागत अनुमान स्वीकृति र समयमै कार्य भए नभएको सम्वन्धमा एकिन हुने आधार रहेन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ट) अधिकांस प्राविधिक मुल्यांकन गर्दा नापी ठेक्का विल र कार्यसम्पन्नमा मिति र नापी किताव नम्वर उल्लेख नभएकोले समयमा कार्यसम्पन्न भएको एकिन गर्न नसकिने हुदा नापी र कार्यसम्पन्नमा मिति स्पष्ट उल्लेख गर्ने र नापी किताबको नम्वर उल्लेखगरी अलग्गै अभिलेख राख्नुपर्दछ। ठ) पालिकाले उपभोक्ता समितिलाई भुक्तानी गर्दा कतिपय भुक्तानीमा वडाको सिफारिस संलग्न भएको पाइएन भने कानुन वमोजिम उपाध्यक्षवाट अनुगमन वेगरनै भुक्तानी गरेकोले यस्ता कार्यमा नियन्त्रण गरिनुपर्दछ।	
६६.२			सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को (ख)र (ग) खरिद सम्झौता अनुसार सार्वजिनक निकायले रनिग विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा करारका शर्त वोजिम प्राविधिक नाप जाच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्न सकिने व्यवस्था छ।पालिकाले विभिन्न वडाहरुमा भएको ढलान तथा ग्राभेल कार्यमध्ये नमुना परीक्षणको आधारमा देहायको कार्यमा चेनेज खुलेको नापी पेश भएको छैन भने सार्वजनिक लेखापरीक्षण र खर्च सार्वजनिकीकरण समेत गरेको देखिएन। चेनेज खुलेको प्राविधिक मुल्याकंन पेश हुनुपर्ने रु	५,३४५,८०६

गोभौ न र मिति	उपभोक्ता समिति	कार्य	रकम
२१।०७।०९	३ नम्वर वडामा विधुतिकरण तथा सडक ढलान उपभोक्ता समिति	सडक ढलान	५९६४३९
७०।११।२९	शाखा सडक ग्राभेल उपभोक्ता समिति	माटो ग्राभेल कार्य	२८७७७४
१२३।०१।०८	साविक वाड न ६ मुलसडकदेखि गोरखपुर सडक ढलान निर्माण उपभोक्ता समिति	सडक ढलान	१९३९६७१
१८९।०३।०५	वाड न ८ शान्तिपुरमा तत्माटोलको	वाटो ढलान	६७८९१८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>मेनरोडदेखि पश्चिमपटी वाटो ढलान उपभोक्ता समिति</td><td></td><td></td></tr>
<tr><td>१७।०७।०८</td><td>वाड न ३ को साविक वाड न ८ मा सामुदायिक ढलान उपभोक्ता समिति</td><td>ढलान कार्य</td><td>८९३०२७</td></tr>
<tr><td>२२१।०३।२५</td><td>गाउपालिकाको पश्चिमवाटो आरसिसी ढलान उपभोक्ता समिति</td><td>ढलान कार्य</td><td>९४९९७७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>५३४५८०६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६६.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को (ख)र (ग) खरिद सम्झौता अनुसार सार्वजिनक निकायले रनिग विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा करारका शर्त वोजिम प्राविधिक नाप जाच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्न सकिने व्यवस्था छ।पालिकाले वाड न ४ का भित्रि सडक मर्मत र ग्राभेल कार्य गरेकोभनी उपभोक्ता समितिलाई प्रतिघनमिटर रु १०८७।४३ कादरले ८६४।२१ घनमिटरको रु ९३९७६८।४९ भुक्तानी गरेकोछ। कुन सडकमा कहादेखि कहासम्मको ग्राभेल गरेको हो चेनेजसहितको नापी पेश भएको छैन।अत चेनेज खुलाई प्राविधिक मुल्याकंन र अनुगमन प्रतिवेदन पेशहुनुपर्ने रु</td><td>९६९,११०</td></tr>
<tr><td>६६.४</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।कार्यालयले निर्माणसम्वन्धी विभिन्न कार्य गर्दा देहाय वमोजिमको प्रमाण संलग्न नदेखिएकोले कैफियतमा उल्लेखित प्रमाण पेश हुनुपर्ने रु</td><td>६,३०६,०९२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गोभौ न र मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>कार्य</td><td>रकम</td><td>कैफियत</td></tr>
<tr><td>१२८।०१।०८</td><td>साविक वाड न १ सोनापुरमा नाला निर्माण</td><td>नाला निर्माण</td><td>४८४६००</td><td>स्वीकृत प्राविधिक मुल्याकंन पेश हुनुपर्ने</td></tr>
<tr><td>१३०।०१।१२</td><td>वाड न ४ को साविक ५ को सामुदायिक भवनको कम्पाउण्ड वाल र गेट निर्माण</td><td>वाल निर्माण</td><td>४८२६२५</td><td>प्राविधिक मुल्याकंन पेश हुनुपर्ने</td></tr>
<tr><td>१३८।०१।२३</td><td>साविक ७ मा सिचाई भवन निर्माण</td><td>सिचाई भवन निर्माण</td><td>४८४२९९</td><td>प्राविधिक मुल्याकंन पेश हुनुपर्ने</td></tr>
<tr><td>१३९।०१।२३</td><td>कृष्ण मन्दिरमा सामुदायिक भवन निर्माण उस</td><td>सामुदायिक भवन निर्माण</td><td>६७९०००</td><td>स्वीकृत प्राविधिक मुल्याकंन पेश हुनुपर्ने</td></tr>
<tr><td>१४८।०१।२६</td><td>साविक वाड न ७ को दलानमा रंगरोकन शौचालय र झ्यालढोका निर्माण</td><td>रंगरोकन र झ्यालढोका निर्माण</td><td>४८४९६६</td><td>प्राविधिक मुल्याकंन पेश हुनुपर्ने</td></tr>
<tr><td>१५०।०१।२६</td><td>कालीपुरमा दलान निर्माण</td><td>दलान निर्माण</td><td>३८७८१७</td><td>प्राविधिक मुल्याकंन पेश हुनुपर्ने</td></tr>
</table>
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय					बेरुजु रकम
			१६९।०१।२९	काली मन्दिर अधुरो भवन निर्माण उपभोक्ता समिति	मन्दिर निर्माण	४८४९५६	प्राविधिक मुल्याकंन पेश हुनुपर्ने	
			१७५।०३।२२	साविक २ मा कृषि सडक मर्मत उपभोक्ता समिति	कृषि सडक मर्मत	३८७८९२	स्वीकृत लागत अनुमान र प्राविधिक मुल्याकंन पेश हुनुपर्ने	
			१७७।०२।२६	शान्तिपुरमा समुदाय भवनमा नाला निर्माण	सामुदायिक भवन निर्माण	५८१७०४	स्वीकृत लागत अनुमान प्राविधिक मुल्याकंन र अनुगमन प्रतिवेदन पेशहुनु पर्ने	
			१८१।०२।३०	श्याम महत्तोको घरनजिकको अधुरो सामुदायिक भवन निर्माण उपभोक्ता समिति	सामुदायिक भवन निर्माण	४८४२७३	प्राविधिक मुल्याकंन पेश हुनुपर्ने	
			१८७।०३।०५	पोखरीटोल अधुरो ढलान निर्माण उपभोक्ता समिति	ढलान निर्माण	३३४७९०	स्वीकृत लागत अनुमान र प्राविधिक मुल्याकंन पेश हुनुपर्ने	
			१४०।०१।२३	आधारभुत विधालयको अधुरो भवन निर्माण	अधुरो भवन निर्माण	४८३८०५	वडाको सिफारिस खर्च सार्वजनिकिकरण तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्ने	
			१९०।०३।०५	महाविर रविदासको घरदेखि ढलानसम्म	सडक ढलान	५४५३६५	स्वीकृत प्राविधिक मुल्याकंन पेश हुनुपर्ने	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>जम्मा</td><td></td><td>६३०६०९२</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>गाउपालिका पुजिगततर्फ उपभोक्ता समितिवाट भएका कार्य</td><td></td></tr>
<tr><td>६७.१</td><td></td><td></td><td>स्यालो टयुवेल जडानः गाउपालिकाले यस वर्ष विभिन्न वडामा उपभोक्ता समितिवाट पटक पटक स्यालो ट्युवेल खरिद र जडान गरेको भनी उपभोक्ता समितिलाई रु ११२९३७४६ भुक्तानी गरेको देखिन्छ।
<table>
<tr><th>गोभौन र मिति</th><th>उपभोक्तासमिति</th><th>संख्या</th><th>लागतअनुमान</th><th>मुल्यांकन</th><th>भुक्तानी</th><th>निर्माणव्यवसायी</th></tr>
<tr><td>१६६|०१|२९</td><td>वडा न २ मा स्यालोटुवेल चार थान</td><td>३</td><td>२१०५३६८.५</td><td>२१०५३६८.५०</td><td>१८८८७१६</td><td>पशुपति टेक्नो ड्रिलिग</td></tr>
<tr><td>१६७|०१|२९</td><td>अध्यक्ष संग स्यालो टुवेल वडा न १ र स्यालो टुवेल निर्माण</td><td>४</td><td>२८०७१५८.</td><td>२८०७१५८.</td><td>२५१८२८८</td><td>पशुपति टेक्नो ड्रिलिग</td></tr>
</table>
</td><td>११,२९३,७४६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

१६६।०१।२९	वडा न चारको विभिन्नठाउँमा तिन वटा स्यालो टुवेल निर्माण र स्यालो तिन थान निर्माण वडा ४	४	२८०७११६	२८०७११६	२५१८२९	पशुपति टेक्नो ड्रिलिग
८२।१२।०८	स्यालो टुवेल बोरिंग निर्माण साबिक वडा न २ देखि वडान ५सम्म	५	३५०८९४७.५	३५०८९४७.५	३१५८०५२	ग्रासड्रिलिग
८१।१२।०८	स्यालो टुवेल बोरिंग निर्माण साबिक वडा न ८ र ९ मा निर्माण	४	२८०७११५६	२७८५६३६	२५०७०७१	ग्रासड्रिलिग
१०५।१२।२५	अधुरो नालावा ह्याण्ड पाइप जडान	१८वरिग ३ सामाग्री	१०८५२७८.८४	१०७७५४५	९६९७९०	
	जम्मा				११२९३७४६	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			गाउपालिकाले स्यालो टयुवेल जडानगर्दा जडान मिति वा आर्थिक वर्ष लगायतको कुनै टयाग लगाएको देखिदैन। विगतका वर्षहरुमा र यसवर्षगरी के कति स्यालो टयुवेल खरिद गरी जडान गरेको सम्वन्धमा अलग्गै अभिलेख राखेको छैन।हालसम्म जडान भएका हयाण्ड पम्प र स्यालो टयुवेलको अवस्था के कस्तो रहेको सम्वन्धमा अनुगमन गरेको देखिदैन। स्यालो टयुवेल सामाग्री खरिद गर्दा सामाग्रीको वृस्तित स्पेसिफिकेसन नखुलाई लागत अनुमान तयार गरेकोमा लागत अनुमान स्वीकृत भएको छैन। सामाग्री खरिदको इन्सपेक्सन रिपोर्ट र गुणस्तरियताको प्रमाणपत्रसमेत पेश नभएकोले सार्वजनिक खरिद नियमावलीको ११५ वमोजिमको प्राविधिक स्पेसिफिकेसन र गुणस्तर वमोजिमका भए नभएको निरिक्षण वा परीक्षण गराइएको पाइएन। प्रतिस्पर्धासमेत नअपनाई उपभोक्ता समितिवाट स्यालो टयुवेल खरिद र जडान गरेकोमा उपभोक्ता समितिले स्पेशिफिकेसननै नखोली विल पेश गरेको छ। संलग्न विलभरपाईमा भुक्तानी गरेको दररेट भन्दा कमदरका खरिद गरेको विलसमेत पेश भएको देखिन्छ। खरिद गरिएका सामाग्रीको दाखिला गरेको देखिदैन भने जडान भएकाहरुसंग कति गहिराईमा केकति पाइपसहित स्यालो टयुवेल जडान भएको भरपाई तयार गरेको छैन। लाभग्राहीको परिचय खुल्ने विवरण तथा वितरण मितिसमेत खुलेको देखिदैन। परामर्शदातामार्फत जडानको प्राविधिक मुल्यांकन तयार गरेमा नापी कितावमा कहा कुन स्थानमा कति स्यालोटयुवेल तथा पाइप जडान गरेको उल्लेख नगरी एकमुष्ट मुल्यांकन गरेकोछ।प्राविधिक मुल्याकंन कार्यालय प्रमुखवाट प्रमाणित भएको छैन।कार्यविधि तयारनै नगरी सोझै लाभग्राहीको छनोट गरेको देखिन्छ।सार्वजनिक खरिद नियमावलीको नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सवकन्ट्रयाक्टरवाट गराउन सकिने छैन भनी उल्लेख छ। स्यालोटयुवेल जडानकार्यको करिव सतप्रतिशत कार्य निर्माण व्यवसायीलाई लगाई निर्माण व्यवसायीको कर विजक पेश गरेको छ। सार्वजनिक सम्पतिको खरिदगर्दा खरिद योजना वनाई स्पेसिफिकेसनको आधारमा प्रतिस्पर्धात्मक विधिवाट मित्तव्ययी तवरले गुणस्तरिय सामाग्री खरिद गर्नुपर्दछ। कार्यविधि तयारगरी सार्वजनिक सुचनाको आधारमा प्रतिस्पर्धात्मक तवरले लाभग्राही छनोट गरिनु पर्दछ भने यस्ता सार्वजनिक सम्पतिको अलग्गै अभिलेख अधावधिकगरी समयसमयमा अनुमगन गरिनुपर्दछ। गाउपालिकाले के कति स्यालो टयुवेल तथा पाइप कहा जडान गरेको र कसले वुझेको खुल्ने नापी र लाभग्राहीको भरपाई पेश हुनुपर्ने एवम लागत अनुमान स्वीकृत वेगर कार्य गराएको र उपभोक्ता समितिसंग सम्झौता गरिएकोमा उपभोक्ता समितिले निर्माण व्यवसायीमार्फत सतप्रतिशत कार्य गराएको नियमसंगत नदेखिएको रु	
६७.			आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा	८७१,४९५

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२</td><td></td><td></td><td>त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।कार्यालयले विभिन्न समयमा विभिन्न साइजका ह्युमपाइप खरिद गरेको भनिएकोमा नमुना परीक्षण गर्दा देहायका ह्युमपाइप खरिदको दाखिला र जडानको नापी पेश नभएकोले जडान भएको प्राविधिक मुल्याकंन पेश हुनुपर्ने रु

<table>
<tr><th>गोभौ न र मिति</th><th>आपूर्तक</th><th>खरिद सामाग्री</th><th>रकम</th></tr>
<tr><td>१०६।१२।२५</td><td>ह्युम पाईप जडान उपभोक्ता समिती</td><td>१४ थान ह्युम पाइप खरिद</td><td>४८४५४०</td></tr>
<tr><td>२१५।०३।२५</td><td>एम डि निर्माण सेवा</td><td>२३ थान ह्युम पाइप खरिद</td><td>३८६९५५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८७१४९५</td></tr>
</table></td><td></td></tr>
<tr><td>६७.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को (ख)र (ग) खरिद सम्झौता अनुसार सार्वजिनक निकायले रनिग विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा करारका शर्त वोजिम प्राविधिक नाप जाच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्न सकिने व्यवस्था छ।गाउपालिकाले गत आव २०७६।७७का वडाभित्रको विभिन्न सडक ग्राभेल कार्य अन्तर्गत रु २९१९१५ शान्ति कन्सट्रक्सनलाई भुक्तानी गरेकोमा वडाको कहा केकति ग्राभेल गरेको चेनेज खुलाएको छैन। कर विजक र टिप्पणी वमोजिम आव ०७६।०७७ को क्रमागत योजनाको आव ०७७।०७८ मा कार्य गराई नापीसमेत २०७७।७८ मै भएको अवस्थामा भुक्तानीभने आव २०७८।७९ मा गरेको देखिन्छ।अत प्रयाप्त वजेट रहेको अवस्थमा विगतमा भुक्तानी नहुनुको कारण र कहा केकति ग्राभेल गरेको चेनेज खुल्ने प्राविधिक मुल्याकंन पेश हुनुपर्ने रु</td><td>२९१,९१५</td></tr>
<tr><td>६७.४</td><td></td><td></td><td>इनार निर्माणः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।गाउपालिकाले विभिन्न स्थानमा इनार निर्माण गरेकोमा नमुना छनोट गरिएकामध्ये देहायको इनार निर्माण गर्दा कैफियत देखिन्छ।</td><td>१,६४६,७७५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम

गोभौ न र मिति	उपभोक्ता समिति	वाड न	रकम
२०७।०३।२५	वाड न १ मा इनार निर्माण उपभोक्ता समिति	१	११८७४६२
२०८।०३।२५	वाड न ३ मा २ थान इनार निर्माण	३	४५९३१३
	जम्मा		१६४६७७५

१।निजी जग्गामा इनार निर्माण गरेको भनिएकोमा लाभग्राहीको निमित्त पाएक परे नपरेको छनोटको कार्यविधि र आधार पेश भएको छैन।

२। विगत र यसवर्षगरी केकति इनार निर्माण गरेको अभिलेख छैन। इनारमा गाउपालिकाले यसवर्षनै इनार निर्माण गरेको भन्ने टयाग लगाएको देखिदैन।

३। प्राविधिक मुल्याकंन स्वीकृत भएको छैन।

४। केकति गहिराईको इनार निर्माण गरेको विस्तृित दररेट निर्धारणको नर्मस खुलेको छैन।

५।सम्वधित जग्गाधनीवाट इनार निर्माण भएको भरपाई पेश भएको छैन।

अत स्वीकृत प्राविधिक मुल्याकंन तथा सम्वन्धित जग्गाधनीको भरपाई र छनोटको आधार पेश हुनुपर्ने रु

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६८			**संघिय र प्रदेशतर्फको उपभोक्ता समितिवाट भएको कार्य**	
६८.१	२०।०७९।३।२२		**PAMS दाखिला नभएको:** आर्थिक कार्यविधि ऐन नियमावली बमोजिम सार्वजनिक सम्पत्ति सोही प्रणाली बमोजिम भण्डारमा दाखिला गर्नुपर्नेमा ल्यापटप कम्प्युटर(Dell I7) एकथान र क्यानन प्रिन्टर १ थान म्यानुअल दाखिला गरी मुल स्टोर खातामा समेत दाखिला नभएको हुँदा सो सम्पति व्यवस्थापन प्रणाली बमोजिम भण्डार दाखिला गर्नुपर्ने रु	१९९,९९६
६८.२			**नर्म्स भन्दा बढी भुक्तानी:** ३।०७९।३।१५ सार्वजनिक खरिद ऐन २०६३ को दफा १० मा निर्माण कार्यको लागत ईष्टिमेट तयार गर्दा स्वीकृत सम्बन्धित कार्यको नर्म्स बमोजिम जिल्ला दररेटलाई आधार लिई तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सडक ढलान कार्यमा सडक विभागको नर्म्स प्रयोग नगरी अन्य नर्म्स प्रयोग गरेको देखिन्छ । सोनापुरमा सडक मर्मत तथा ढलान कार्यमा उपभोक्ता समितिलाई रु २४२४९४०।० भुक्तानी दिएकोमा नर्म्स अनुसार प्रति घनमीटर रु ९६५०।०१ दरले पि.सि.सि फर आर.सि.सि कार्यको भुक्तानी हुनुपर्नेमा प्रति घ.मि को १०८२३।० दरले भुक्तानी गरेकोले प्रति घ मि रु ११७३।० रु २०६.११ घ मि को रु २४१७६७।० बढी भुक्तानी भएकोले थप व्ययभार पर्न गएको रु	२४१,७६७
६९			**सम्परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४)२)(घ (बमोजिम बेरुजू फस्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममाबाँकी बेरुजु मध्येसम्परीक्षण डोर समक्ष अनुरोध पत्र पेश गरेकोमा फस्यौर्टको व्यहोरा मनासिव देखिएकोले देहायको रु २०८८७०६।० वेरुजु सम्परीक्षण गरिएको छ । लगत कट्टाको जानकारी पछि गराइने छ ।	

सि नं	आर्थिक वर्ष	दफा	रकम	व्यहोरा
१	०७६।७७	७८	३०० ०००	प्रमाण पेश भई फछ्यौट
२	०७६।७७	७३.२ र ७२.३	६५१३४५	प्रमाण पेश भई फछ्यौट

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td>०७६।७७</td><td>७७</td><td>१८९०००</td><td>प्रमाण पशे भई फछ्र्यौट</td></tr>
<tr><td>४</td><td>०७६।७७</td><td>२८</td><td>९४८३६१</td><td>प्रमाण पेश भई फछ्र्यौट</td></tr>
</table></td><td></td></tr>
</table>